
# लेखापरीक्षण प्रतिवेदन

# राजबिराज नगरपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## राजबिराज नगरपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/34

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
राजबिराज नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
राजबिराज, सप्तरी।

## कैफियत सहितको राय

हामीले राजबिराज नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५ करोड १० लाख ४२ हजार, पर्यटन पूर्वाधार विकासको रु. १ करोड ३ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ६९ लाख ८१ हजार र राष्ट्रपित महिला सशक्तिकरणको रु. २ लाख समेत गरी रु. २६ करोड ८५ लाख २३ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. ३९ करोड ६६ लाख ४१ हजार, समपूरक अनुदान रू. ६० लाख र विशेष अनुदान रू. २ करोड २५ लाख समेत रू. ४२ करोड ५१ लाख ४१ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी बचत रहेको रु. ८ करोड ५ लाख ५९ हजार रकम संघीय संचित कोषमा फिर्ता गरेको छ। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।
३. नगरपालिकाको रु. २ अर्ब ३४ करोड ९३ लाख ६० हजारको लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ७६ लाख ७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३७

लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४५ लाख १७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९५ लाख २८ हजार र पेस्की बाँकी रु. ९८ लाख २५ हजार समेत यस वर्ष रू. ४ करोड ७६ लाख ७ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ७९ करोड ४९ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ८४ करोड २५ लाख १२ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, अबण्डा बजेट राखेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको, टुक्रा पारी खरिद गरेको र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | १०९ | ४,७६,०६,५०४ | ० | ० | ० | ० | ७० | १०९ | ४,७६,०६,५०४ | ३७,३६,५४५ | १,९५,२८,१८४ | १,४५,१६,३०१ | ० | ० | ३,४०,४४,४८४ | ९८,२५,४७४ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| राजबिराज नगरपालिका, सप्तरी | ७९४९०५००० | ० | ० | ७९४९०५००० | ० | ४७६०६५०४ | **८४,२५,११,५०४** |

# (८०२१५४०५३०० - राजबिराज नगरपालिका, सप्तरी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १६ वडा, ५५।६४ वर्ग किलोमिटर क्षेत्रफल तथा ७१९४६ जनसंख्या रहेको छ ।(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९।१४ देखि २०८१ ।०९।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ३८३८५ असुली भई आन्तरिक राजस्व र सञ्चित कोष दाखिला भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| सशर्त | दिवा खाजा | ३८३८५ | २०८१।०९।१७ | राष्ट्रिय वाणिज्य बैङ्क |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| कर | १५,१२,३५,३९०.९८ | १५,१२,३५,३९०.९८ | १५,८०,०३,२७०.७० | १५,८०,०३,२७०.७० |
| अनुदान | ५२,१८,५१,५६४.१२ | ५२,१८,५१,५६४.१२ | ५८,६८,६४,२४५.१९ | ५८,६८,६४,२४५.१९ |
| अन्य राजस्व | ७२,४२,२१९.७० | ७२,४२,२१९.७० | ७७,७८,९६६.६७ | ७७,७८,९६६.६७ |
| विविध प्राप्ति | ९,५६,०००.०० | ९,५६,०००.०० | २८,९००.०० | २८,९००.०० |
| कुल जम्मा प्राप्ति | ६८,१२,८५,१७४.८० | ६८,१२,८५,१७४.८० | ७५,२६,७५,३८२.५६ | ७५,२६,७५,३८२.५६ |
| चालु | ४६,४२,७६,५५९.८१ | ४६,४२,७६,५५९.८१ | ५९,५१,६०,८७३.१७ | ५९,५१,६०,८७३.१७ |
| पारिश्रमिक / सुविधा | १७,०८,३४,०७९.०५ | १७,०८,३४,०७९.०५ | १२,०१,७३,९९१.८४ | १२,०१,७३,९९१.८४ |
| मालसामान तथा सेवाको उपयोग | २६,१३,६८,७०९.५३ | २६,१३,६८,७०९.५३ | १०,४२,३६,४०५.४८ | १०,४२,३६,४०५.४८ |
| सहायता (Subsidy) | १,६४,०८,५८८.७५ | १,६४,०८,५८८.७५ | २२,१६,११,७८७.४० | २२,१६,११,७८७.४० |
| अनुदान | ९३,९७,९२८.२० | ९३,९७,९२८.२० | ८३,००,०००.०० | ८३,००,०००.०० |
| सामाजिक सुरक्षा | ४४,४०,५००.०० | ४४,४०,५००.०० | ६९,७०,१५८.१० | ६९,७०,१५८.१० |
| अन्य खर्च | १८,२६,७५४.२८ | १८,२६,७५४.२८ | १३,३८,६८,५३०.३५ | १३,३८,६८,५३०.३५ |
| पूंजीगत | ३९,१४,१६,५२७.०८ | ३९,१४,१६,५२७.०८ | २३,०४,२१,७९६.६५ | २३,०४,२१,७९६.६५ |
| भवन तथा संरचना | ३४,९४,५००.३२ | ३४,९४,५००.३२ | ३,४७,०३,४३२.५० | ३,४७,०३,४३२.५० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,५४,९५,६७९.७३ | १,५४,९५,६७९.७३ | ३६,८५,०२५.५३ | ३६,८५,०२५.५३ |
| अन्य पूँजीगत खर्च | ० | ० | ८५,०७,७२८.५० | ८५,०७,७२८.५० |
| सार्वजनिक निर्माण | ३७,२४,२६,३४७.०३ | ३७,२४,२६,३४७.०३ | १८,३५,२५,६१०.१२ | १८,३५,२५,६१०.१२ |
| कुल जम्मा भुक्तानी | ८५,५६,९३,०८६.८९ | ८५,५६,९३,०८६.८९ | ८२,५५,८२,६६९.८२ | ८२,५५,८२,६६९.८२ |
| बचत /कमी (ग = क-ख ) | (१७,४४,०७,९१२.०९) | (१७,४४,०७,९१२.०९) | (७,२९,०७,२८७.२६) | (७,२९,०७,२८७.२६) |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (६२,५९,८४०.७५) | (६२,५९,८४०.७५) | (९२,६८,८५०.७७) | (९२,६८,८५०.७७) |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१८,०६,६७,७५२.८४) | (१८,०६,६७,७५२.८४) | (८,२१,७६,१३८.०३) | (८,२१,७६,१३८.०३) |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | २७,०९,११,६२३.९७ | २७,०९,११,६२३.९७ | ३७,३१,७६,३७१.७३ | ३७,३१,७६,३७१.७३ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ९,०२,४३,८७१.१३ | ९,०२,४३,८७१.१३ | २९,१०,००,२३३.७० | २९,१०,००,२३३.७० |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षणको रु.२५१०४२१८१.४१ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६९८१५७३.०० र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको लागि रु.२०००००.०० समेत गरी रु.२६८५२३७१४.४१ सुत्रमा लेखाङ्कन गरेको छैन। सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं. २१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 91328556.50 | 91328556.50 | 0.00 |
| विविध खर्च खाता | 1966521.12 | 2054335.73 | 87814.61 |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | 1739158.66 | 2581343.86 | 842185.20 |
| स्थानीय तह विविध कोष खाता | 30375.80 | 30375.80 | 0.00 |
| स्थानीय तह धरौटी | 27634808.42 | 27634808.42 | 0.00 |
| आन्तरिक राजस्व | -3168.00 | 0.00 | 3168.00 |
| जम्मा | 122696252.50 | 123629420.31 | 933167.81 |

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु.193120793.67, यस वर्षको भुक्तानी रु. 193120793.67 फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | 291000233.70 | 897873874,62 | 1065244688,01 | 123629420,31 |
| एकीकृत आर्थिक विवरणअनुसार | 291000233,70 | 1090994668,29 | 1258365481,68 | 123629420,31 |
| फरक | 0 | 193120793,67 | 193120793,67 | 0 |

## ३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रकम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| | पुँजीगत खर्चतर्फ | ३९१४१६ | ० | ९६८६६ | ३३५७० | २६०९८० | २०९६८७ |
| | प्रतिशत | १०० | ० | २४.७५ | ८.५८ | ६६.६७ | ५३.५७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.३९ करोड १४ लाख १६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रकुनै रकम खर्च भएको छैन। दोश्रो त्रैमासिकमा रु.९ करोड ६८ लाख ६६ हजार, अर्थात २४.७५ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.३ करोड ३५ लाख ७० हजार, अर्थात ८.५८ प्रतिशत र चौथो त्रैमासिकमा रु. २६ करोड ९ लाख ८० हजार अर्थात ६६.६७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२० करोड ९६ लाख ८७ हजार अर्थात ५३.५७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। यस वर्ष नगरसभाले मिति २०८०।६।१७ मा बजेट पारित गरेकोले प्रथम चौमासिकमा कुनै कार्यक्रम कार्षान्वियन नभएकोले प्रथम चौमासिकमा कुनै बजेट खर्च भएको छैन।

## ४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

## ५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक बिकास क्षेत्र | १७५७३२७४ | १०९५८४३३.०७ | १.२८ |
| २ | पूर्वाधार बिकास क्षेत्र | ३९९८७९८५८ | ३३११२७०४३.८८ | ३८.७ |
| ३ | सामाजिक बिकास क्षेत्र | ३५७१६२००० | ३०१६६२६५०.६६ | ३५.२५ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३२१७१४२२ | २५२८३८८६.५४ | २.९५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र | २२८२६८५९१ | १८६६६१०७२.७४ | २१.८१ |
| जम्मा | | १०३५०५५१४५.०० | ८५५६९३०८६.८९ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार बिकास क्षेत्रमा सबैभन्दा बढी ३८.७० प्रतिशत र आर्थिक बिकास क्षेत्रमा १.२८ प्रतिशत रहेको छ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। समिति गठन नभएले राजश्व परिचालन पहिचान लगाएतको क्षेत्रमा असर पर्ने भएकोले ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

७ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही`अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्न अनुसार १६ वडाको लागि २१५ वडागत र पालिकास्तरका ७४ समेत कुल २८९ योजनामा वजेट विनियोजन गरेको छः

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७४ | ११ | ४१ | २२ |
| २. | वडास्तरीय | २१५ | २ | ३४ | १७९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामध्ये यस वर्ष २५ वटा आयोजना कार्यान्वियन हुन सकेको छैन।

## ८ खर्च बिश्लेषण

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.२९१०००२३३.७०, यसबर्ष कुल आन्तरिक आयबाट रु.२३१९३४९७.६७ ,राजस्व बाँडफाँडबाट रु.१३३६९८०५६.४३, संघीय सरकार अनुदानबाट रु.५८८८२११६०.०० प्रदेश सरकार अनुदानबाट रु.१३५८९०००.०० समेत रु.१०५०३०१९४७.८० आम्दानी भएकोमा चालुतर्फ रु.४६४२७६५५९.८१ र पुँजीगततर्फ रु.३९१४१६५२७.०८ समेत रु.८५५६९३०८६.८९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७१ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.२३२८५५००.०० खर्च भएको छ जुन आन्तरिक आयको ०.९९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४.२० प्रतिशत चालु र ३७.२७ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ९ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३ करोड ९५ लाख प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिई बजेट अबण्डामा राखेको छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## १० गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिन भित्र रही बजेट कार्यावयन गर्ने कर्तव्य र जिम्मेवारी सम्वन्धित जिम्मेवार पधाधिकारीको हुने व्यवस्था छ । यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९।२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।गत वर्षमा सालबसालीको रुपमा स्वीकृत भएका योजनाहरु सोही वषमा सम्पन्न गर्नु पर्ने तथा आगामी वर्ष दायित्व सृजना गर्न सकिने व्यवस्था गरेको छैन । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी भनी नगर सभामा पेश गरी १०५ योजनामा रु.४ करोड ५४ लाख १६ हजार आर्थिक वर्षको पुजीगत शीर्षकमा वियोजित गरेको रकम रु.६१ करोड ११ लाख ६१ हजारको ७.४३ प्रतिशत रकम विनियोजन गरेको छ।

## ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।६।१६ मा रु.१ अर्व ११ करोड ३२ लाख ७८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।६।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।६।२२ मा पारित भएको रकम मध्ये रु.१ अर्व ०७ करोड ३७ लाख ७८ हजारको प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाले असार मसान्तभित्र सभाबाट बटेज पारित गरी समयमा नै अख्तियारी दिनुपर्दछ।

## १२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकाले असोजमा ट्रान्सफर गरेको छ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ।कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ।

• कतिपय सड़क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टि.डि.एस. नगरेको।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय | प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको।

• सुशासन(व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**१३ आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

**१४ आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. १७१०००.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२३१९३४९७.६७ को ०.७३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

**१५ कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली, कार्यविधि १८ वटा निर्देशिका २ र नर्म्स ० लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले यस वर्ष सम्म १६ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको छ ।

**१६ न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विगतबर्ष देखि फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन १२३ दर्ता भएकोमा ८१ फछ्र्यौट भई ४२ फछ्र्यौट हुन बाँकी देखिन्छ।

**१७ ठूलो मेशिन संचालन इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकाले स्काभेटर, जेसिवि, दमकल, रोलर, ट्रिपर लगाएका ठूला मेशिन संचालनको व्यवस्थित अभिलेख राखेको छैन । कुन कुन काम र योजनामा केकति घण्टा मेशिन प्रयोग भएको हो सोको विवरण पालिकाले राखेको छैन । मेशिन प्रयोगबाट केकति काम गरेकोहो सोको प्राविधिक मूल्याङ्कन पेश नगरी इन्धन तथा मर्मत खर्च लेखेको हुँदा खर्चको विश्वसनीयता यकिन हुन सकेन । साथै मेशिन प्रयोगबाट उठ्ने आयको विवरण समेत पेश गरेको छैन । यसरी मेशिनको

आम्दानीको विवरण तयार नगरी त्यसको अभिलेख नराखी इन्धन तथा संचालन खर्चमात्र लेखेको कारण यसको आय व्ययको विवरण पारदर्शी भएको भनी आश्वस्त हुन सकिएन । यस सम्बन्धमा पालिकाले एकिन गरी आय व्ययको यथार्थ विवरण पेश गर्नुपर्दछ।

१८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समयभित्र पेश्की फस्र्योट गर्नु पर्ने र नियम ५२(४) मा फस्र्योट गर्न बाँकी पेश्की रकमलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। आयोजना कार्यालयले यस बर्ष र गत विगत बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्योट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्योट गर्नुपर्ने रु.

| पेश्की लिनेको नाम | पेश्की बाँकी रकम | | कैफियत |
|---|---|---|---|
| | म्याद नाघेको | म्याद ननाघेको | |
| एनएनटि डेभलपर्स प्रा.लि. | | ४४०७९०३४.२६ | चालु आ. व. |
| बी एण्ड बी कन्स्ट्रक्सन | ७९८४००. | | चालु आ. व. |
| ओम साई राम कन्स्ट्रक्सन प्रा.लि. | ५९५००००. | | गत आ. व.सम्मको |
| ओम साई राम कन्स्ट्रक्सन प्रा.लि. | १४५००००. | | गत आ. व.सम्मको |
| डिजिकोन । जीओईसी । बिम । ईम्पल्स । एसईडीएस जेभी | १०५९२७५. | | गत आ. व.सम्मको |
| मल्टिटेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा. लि. | ४५४०१२. | | गत आ. व.सम्मको |
| हामा कन्सट्रक्सन एन्ड इन्जिनियरिङ् | ११३७८७. | | गत आ. व.सम्मको |
| जम्मा पेश्की बाँकी | ९८२५४७४ | ४४०७९०३४.२६ | |

| | |
|---|---|
| पेश्की | ९८,२५,४७४ |

१९ **सामाजिक सुरक्षा**

१९.१ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

१९.२ पारदर्शिता र अनुगमन तथा निरीक्षणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था

तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

२० **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या (दोश्रो परिमार्जन) २०७४ को २२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । यस पालिकाको विविध खर्च शिर्षकमा रु. ४०,००,०००। बजेट विनियोजन गरि रु ३७,१९,७२६। खर्च गरेको छ । यस शिर्षकबाट खर्च गर्दा बिलमा सयौको सङ्ख्यामा मासुभात, मासु चिउरा, लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका विलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ। औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहायानुसार छन्।सो औचित्य पुष्टि नहुने भएकोले नियमित गर्नुपर्ने।

| गोभौनं | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| ३८० | पुरानो माँ भगवती स्वीट कर्नर | २१६०२० | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ४३९ | पुरानो माँ भगवती स्वीट कर्नर | ३४२४८० | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ४६८ | पुरानो माँ भगवती स्वीट कर्नर | ३९१८०० | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ४७१ | पुरानो माँ भगवती स्वीट कर्नर | ३६६९८५ | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ५६२ | पुरानो माँ भगवती स्वीट कर्नर | ६१७०६० | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ४३२ | होटल ग्रयाण्ड आश्रम | १८८४८४ | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| ४८७ | होटल रोयल प्रकास | ७११८६० | विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |

२१ **कृषि अनुदान**

३३।२०८०।८।१४, कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७७ लागत साझेदारीको मोडालिटि सहित सार्वजनिक रुपमा सूचना प्रकाशन गरी कृषक छनौट गरी अनुदान दिनुपर्ने व्यहोरा उल्लेख छ । अनुदान वितरण कार्यका लागि सहजिकरण गर्न निर्देशक समिति हुने व्यवस्था रहेको छ । पालिकाले कार्यविधिको उल्लेखित प्रावधान पालना नगरी अनुदान दिएको नियम सम्मत देखिएन । पालिकाले कोटेशनबाट युनिवर्ल्ड किचन एण्ड होम एप्लायन्स प्रालीबाट रु. ५०८५००। मा ६ थान २५० लिटरको एआईका लागि डिप फ्रिज र १८० लिटरको ४ थान डिप फ्रिज रु. २९३८००। मा खरिद गरेको छ । पालिकाले विभिन्न कृषकहरुलाई छनौटको स्पष्ट मापदण्ड बेगर लागत साझेदारी नगरी शतप्रतिशत अनुदानमा कृषि उपकरण अनुदानमा दिएको छ मनासिव नदेखिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ८,०२,३०० |

२२ **आमा सुरक्षा कार्यक्रम**

२१६। २०८१।२।२४, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि, २०७३ अनुसार मातृ तथा नवजात शिशु तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत संघीय सशर्त कार्यक्रमबाट बजेट कमि भएको जनाई पालिकाले अघिल्लो वर्षको भुक्तानी बाँकी भएको जनाई अनार भुपेन्द्र नाथ हस्पिटल प्रालिलाई रु. ५२६४२३। र छिन्नमस्ता एजुकेशन ऐकेडेमी एण्ड मेडिकल कलेज प्रालीलाई रु.

१७८००८३।७५ भुक्तानी गरेको छ । सम्झौतामा अन्यत्र पालिकाका सेवाग्राहीलाई यस पालिकाले अनुदान नदिने उल्लेख भएकोमा अस्पतालले पेश गरेको भरपाईमा अधिकांश सेवाग्राही अन्यत्र पालिकाबाट आएकाहरुलाई समेत अनुदान दिएको पाइयो । निजी क्षेत्रका अस्पतालहरुलाई निशुल्क गर्भपतनको सुविधा दिनका लागि सम्झौता गरेर रकम भुक्तानी गरेको भएतापनि निजी अस्पतालहरुले अपरेश गरेर बच्चा जन्माउने सेवाग्राहीबाट शुल्क लिने गरेको व्यहोरा सेवाग्राहीबाट प्राप्त (सेवाग्राहीलाई मोवाइलबाट सम्पर्क गरी बुझेको) भएको हुँदा पालिकाले छानबिन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,०६,५०६ |

२३ **कोटेशन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसार ६४ वटा कोटेशनबाट रु. ७०१३४६०७.८२ को खरिद गरेको छ । उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ । यस्तो खरिद गर्दा मिल्दोजुल्दो सामानहरुको प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ । यस्तो प्रतिस्पर्धा सिमित हुनेगरी कोटेशनबाट खरिद गरेको मनासिव देखिएन । नियमावलीको उल्लेखित व्यवस्था कडाईका साथ पालना हुनुपर्दछ । विस्तृत विवरण अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार १८ कोटेशनबाट रु.६६६८३०२.६५ को विजुली बत्ती खरिद गरेको छ। उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ। यस्तो खरिद गर्दा मिल्दोजुल्दो सामानहरुको प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ। यस्तो प्रतिस्पर्धा न्यून हुनेगरी कोटेशनबाट खरिद गरेको मनासिव देखिएन।

| मिति | भौचर नं. | विवरण | रकम रु. |
| --- | --- | --- | --- |
| २०८०/१२/०७ | १५९ | कार्यालय, शाखा तथा सार्वजनिक मठ मन्दिरहरूमा बिजुलीबत्ती खरिदवापत अकिल स्टोर सप्लायर्सलाई बिल भुक्तानी l | २०४८५२.०५ |
| २०८०/१२/२७ | १७० | न.पा. को विभिन्न सार्वजनिक स्थानहरूमा बिजुली बत्ती खरिद गरे वापतअकिल स्टोर सप्लायर्सलाई भुक्तानी l | २३२२५४.५५ |
| २०८१/०२/१४ | २२० | वडा स्तरीय वडा ९ मा बिजुली बत्ती सामान खरिद बापत बिभिन्न फर्महरुलाई भुक्तानी l | ५०००००. |
| २०८१/०२/१४ | २२१ | वडा स्तरीय वडा ७ मा बिजुली बत्ती सामान खरिद बापत बिभिन्न फर्महरुलाई भुक्तानी l | ५१९१५२.५ |
| २०८१/०२/१४ | २२२ | वडा स्तरीय वडा १२ मा बिजुली बत्ती सामान खर्च बापत बिभिन्नफर्महरू लाई भुक्तानी l | २१९०५०.५ |
| २०८१/०२/१४ | २२३ | वडा स्तरीय वडा १३ मा बिजुली बत्ती सामान खर्च बापत बिभिन्नफर्महरू लाई भुक्तानी l | २०७७५०.५ |
| २०८१/०२/१४ | २२५ | वडा स्तरीय वडा २ मा बिजुली बत्ती सामान खरिद बापत सगरमाथाट्रेडर्स लाई भुक्तानी l | ३५९९१०.६५ |
| २०८१/०२/१४ | २२६ | वडा स्तरीय वडा ५ मा बिजुली बत्ती सामान खरिद बापत बिभिन्न फर्मलाई भुक्तानी l | २१८८५८.४ |
| २०८१/०२/२४ | २४२ | वडा स्तरीय वडा ३ मा बिजुली सामान खरिद बापत बिभिन्न फर्म लाईभुक्तानी l | २९९८४५.५ |
| २०८१/०२/२८ | २५९ | वडा स्तरीय वडा १० मा बिजुलीबत्ती सामान खरिद बापत बिभिन्न फर्मलाई भुक्तानी l | २३३१७५.५ |
| २०८१/०२/३० | २६६ | वडा स्तरीय वडा १६ मा बिजुली सामान खरिद बापत बिभिन्न फर्मलाई बिलभुक्तानी l | २०७६९४. |
| २०८१/०३/१७ | ३७२ | वडा स्तरीय वडा १ मा बिजुली बत्ती सामान खरिद बापत बिभिन्न फर्मलाई भुक्तानी l | ६२०८०६.०५ |
| २०८१/०३/२० | ४०५ | वडा स्तरीय वडा ३ योजना तथा थप बिजुलीबत्ती र वडा ११ मा थपबिजुलीबत्ती शीर्षकमा रहेको रकमबाट टावर लाइट खरिद र जडान गरे वापत धर्मराजट्रेडर्स एण्ड सप्लायर्सलाई भुक्तानी l | ७०००३५. |
| २०८१/०३/२४ | ५२८ | गत वर्षको वडा स्तरीय वडा १४ स्वास्थ्य चौकीमा बिजुली वाग्रिंग आदिकार्य गरे वापत सिद्धार्थ निर्माण सेवालाई अन्तिम बिल भुक्तानि l | ५४५३७०.८५ |
| २०८१/०२/०९ | २०४ | संसोधित बजेट वडा स्तरीय वडा ८ को सडक बत्ती तथा अन्य सामान खरिदबापत बिभिन्न फर्म्हारुलाई भुक्तानी l | ३९९८६८.९९ |
| २०८१/०२/०९ | २०५ | संसोधित बजेट वडा स्तरीय वडा ६ को सडक बत्ती तथा अन्य सामान खरिदबापत बिभिन्न फर्म्हारुलाई भुक्तानी l | ३७७९७९.३५ |
| २०८१/०३/१७ | ३६७ | वडा स्तरीय वडा १५ मा सडक बत्ती सामान खरिद बापत बिभिन्न फर्म लाईभुक्तानी l | १५४६४६.१५ |
| २०८१/०३/२४ | ४७३ | भगवती पोखरी सौन्दर्यीकरणको सोलार बत्ती खरिद तथा जडान गरे वापत राजधानी उर्जा कम्पनिलाईभुक्तानी l | ६६७०५२.११ |
| | | जम्मा | ६६६८३०२.६५ |

२५ **लमसम आइटम**

४६।२०८०/०८/१६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । वडा २ मा कभर्डहल वाहिरपट्टि शौचालय तथा ग्राउण्ड स्तरउन्नति कार्य बापत कभर्ड हल उ.स.लाई पाइप फिटिङ्सका लागि लमसम रु. २० हजार भुक्तानी दिने गरी लागत अनुमान स्वीकृत भएकोमा रु. १३३५०८। भुक्तानी भएको छ ।

पालिकाको अनुसार थप काम गर्नुपरेको जनाई लागत अनुमान संशोधन गरेको छ। यसरी शुरु लागत सम्झौता भन्दा बढि काम गरेको जनाई भुक्तानी दिएको मनासिव देखिएन ।

२६ **ल्याण्डफिल्ड साइट सफाई**

NCB-05-2079/80 (ल्याण्डफिल्ड साइट सफाई सम्बन्धी कार्य), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम १ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्नेछ। मिति २०८१।२।१५ मा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०८०।३।१२ मा निर्माण नेशनल निर्माण सेवासंग रु. ८०,५४,७९५।७९ ठेक्का रकम हुने गरी ठेक्का सम्झौता भएको थियो । लागत अनुमान रु.१,५४,९८,६३३।१२ रहेको छ। सालबसाली ठेक्का तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न हुन नसकेको कारण बर्षान्त सम्म रु. १७,०८,८९०।३६ को मात्र काम भएको जनाई सोही अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी भएको छ। फोहोर मैला छोप्ने कार्यका लागि बालुवाले पर्ने लगाएको कार्य भएको देखिन्छ । पहिलो चौमासिकमा ठेक्का बन्दोबस्ती गर्नुपर्नेमा पालिकाले बर्षान्त अर्थात असारमा कार्य सम्पन्न हुनेगरी जेष्ठ १५ मा ठेक्का सम्झौता गरेको देखिन्छ । पालिकाले कामको प्रकृति र आवश्यक कार्य तालिका र समय अवधी जस्ता पक्षहरुको विश्लेषण गरेर मात्र ठेक्का प्रक्रिया एवं खरिद कारवाही गर्नु पर्दछ । आगमी आर्थिक वर्ष २०८१।०८२ मा उक्त कार्यका लागि बजेट नभएको हुँदा पालिकाले स्रोतको सुनिश्चितता नभएको जनाई आंशिक काम भएको अवस्थामा समेत कार्य सम्पन्न तयार गरी हिसाब फरफारक अन्तिम भुक्तानी गरेको छ।

२७ **सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम**

पालिकाले ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्ग व्यक्तिका लागि वितरण केन्द्र कायम गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ। सो कार्यक्रम संचालन गर्न अजय कुमार साहलाई रु.४९९५०० भुक्तानी भएको देखिएकोमा अनुगमन वापत खर्च गरेको भरपाईमा अनुगमनकर्ताले रकम बुझेको हस्ताकक्षर नरहेकोले सो रकम रु.१०००० निजवाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

२८ **लागत अनुमान तयार नगरेको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयले देहाय बमोजिमको योजना भुक्तानी एवम् खरिदमा लागत अनुमान तयार नगरी रु.३८८५४३७.०० को खरिद कार्य गरेको देखियो। उक्त खर्च नियमसम्मत देखिएन। लागत अनुमान तयार गरी मात्र खरिद प्रकृया सुरु गर्नुपर्दछ।

| भौ.नं. | कार्यक्रमको नाम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ११९ | पशु आहार वितरण कार्यक्रम | परमेश्वर यादव | १००००० |
| १४७ | बाल दिवस, निबन्ध र दर खाने कार्यक्रम | अनिता कुमारी चौधरी | १९६४७० |

२९ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्मसिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यलय सामाग्री खरिदको लागि मसलन्द तथा कार्यालय सामग्रीमा रु.२० र अन्य कार्यालय संचालनमा रु.२५ लाख विनियोजन गरेको रु.३६ लाख ६३ हजार खर्च गरेको देखियो। खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम एउटै प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा देहायानुसार टुक्रा बनाई सोझै खरिद बापत निम्नानुसार रु.३६६३७८० खर्च गरेको देखियो। खरिद योजना बनाई आवश्यकता र मागको आधारमा खरिद कार्य गरी यस्तो खरिदमा नियन्त्रण गर्नेपर्दछ।

| भौ.नं. | सप्लायर्सको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| २१७ | मिथिला जेनेरल सप्लायर्स | २०४९३४ | सोझै खरिद |
| ४७८ | आर इन्टरप्राजेज एण्ड सप्लायर्स | ४५९६११ | सोझै खरिद |
| ७४१ | वुद्ध इन्टरप्राजेज | ७९३५०३ | सोझै खरिद |
| ५८३ | विवेकान्द सप्लायर्स | ६६५६३६ | सोझै खरिद |
| ३८१ | विभिन्न ६ सप्लायर्सवाट | ३३३४८४ | सोझै खरिद |
| ४५४ | विभिन्न ६ सप्लायर्सवाट | ३२३०३० | सोझै खरिद |
| ७४३ | विभिन्न ४ सप्लायर्सवाट | ५५३३१० | सोझै खरिद |
| | जम्मा | ३३३३५०८ | |

३० **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३१ **उपभोक्ता समितिको काम**

**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

**स्थानीय योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको पाइएन।

**जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

**हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका

उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

**ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३२ **कार्यक्रम खर्च**

४३५।२०८१।३।२२, पालिकाका योजना अधिकृत मनोज कुमार यादवले मिति २०८१।२।३२ देखि २०८१।३।३ सम्म ४ दिन पालिकाका ३० कर्मचारी र २५ जना जनप्रतिनिधिहरु सहभागी भएको जनाई स्थानीय तह संस्थागत क्षमता अनुशिक्षण कार्यक्रम संचालन गरेको जनाई रु. ४९५०००। खर्च लेखेको छ । उक्त कार्यक्रममा देहायअनुसारका व्यहोरा देखियो :

**क) मसलन्द :** नेपाल सरकार अर्थमन्त्रालय कार्यसंचालन निर्देशिका, २०७७ परिच्छेद ७ मा खर्चको मापदण्ड सम्बन्धी व्यवस्था अनुसार कार्यक्रममा सहभागीहरुका लागि रु. १००। मसलन्द सामाग्री खर्च लेख्न पाउने व्यवस्था रहेकोमा ब्याग ३० जनाका लागि ब्याग रु २१५०। र डायरी ४५० समेत रु. २६००। को मसलन्द खर्च लेखेको मापदण्ड भन्दा बढि भुक्तानी गरेको असूल हुनुपर्ने रु. ७५०००

**ख) प्रशिक्षण भत्ता :** बर्षान्तमा ४ दिन कार्यक्रम संचालन भएको जनाई खर्च लेखेको छ । कार्यक्रमको व्यानर फोटोमा पनि ४ दिन भएको भन्ने व्यहोरा खुलाएको छैन । साथै ४ दिनको समय अवधिमा मापदण्ड अनुसार १६ वटा सम्म कक्षा संचालन गर्न पाउने व्यवस्था रहेकोमा २४ वटा कक्षा संचालन भएको जनाई प्रशिक्षक भत्ता भुक्तानी भएको भएता पनि कार्यक्रमको तालिका विभिन्न कक्षाहरुमा कुन कुन विषयमा केकस्ता कक्षाहरु संचालन हुने भन्ने व्यहोरा समेत खुलाएको छैन र कार्यपत्र पनि पेश नभएको हुँदा ४ दिन सम्म कार्यक्रम संचालन भएको एकिन हुन सकेन । बढि प्रशिक्षण भत्ता भुक्तानी भएको ९ कक्षाको प्रशिक्षण भत्ता असूल हुनुपर्ने रु. १३५००

**ग) भरपाई:** कार्यक्रममा सहभागी भत्ता बापत रु. ३४०० भत्ता भुक्तानीको उपस्थिति र भरपाई नभएको हुँदा यस्तो भुक्तानी असूल हुनुपर्ने रु. ३४००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,९०० |

३३ **अघिल्लो बर्षको भुक्तानी**

पालिकाले गत बर्ष सडक बत्ति प्रयोजनका लागि प्रतिस्पर्धा नगरी कोटेशनबाट बिजुलीका सामानहरु खरिद गरेको जनाई यो बर्षको अन्त्य अर्थात आषाढ १९ भुक्तानी बाँकी कच्चावारी प्रमाणित नगरी भुक्तानी गरेको छ । यसरी खरिद गरेको एक बर्ष भन्दा लामो समय सम्म किन भुक्तानी हुन नसके र बर्षान्तमा भुक्तानी गरेको हो यकिन हुन सकिएन । उक्त खरिद भएका सामानहरु विभिन्न ३८ जनालाई वितरण गरेको भरपाई पेश भएकोमा उक्त सामानहरु तोकिएको प्रयोजनमा प्रयोग भएको सुनिश्चित हुन सकिएन ।

| विवरण | रकम रु. |
|---|---|
| अदिबा ट्रेडर्स एण्ड सप्लायर्स | ९८१७३९ |
| अहमद ट्रेडर्स | ९८२८१६ |
| आइ टि सगरमाथा कन्स्ट्रक्सन | २४२०९९ |
| राजविराज इलेक्ट्रोनिक्स | ६१४७८६ |
| जम्मा | २८५९३९६ |

३४ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद गरेको सामानको प्राविधिक स्पेशिफिकेशन र गुणस्तर परिक्षण गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका खरिदमा नियम अनुसार प्राविधिक एवं गुणस्तर परिक्षण नगरी भुक्तानी गरेको मनासिव देखिएन ।

क) ३६२।२०८१।३।१७, पालिकाले न्यू खान अटोमोवाइल एण्ड इलेक्ट्रोनिक्सबाट रु.२१६१७८९.४० मा लामखुट्टे मार्ने मेशिनहरु Mounted Vehicle & Thermal fogging shoulder machine खरिद गरेकोममा उक्त मेशिनहरुको Specification Compliance & Quality Inspection नगरी भुक्तानी भएको हुँदा उक्त मेशिनहरु तोकिएको स्पेशिफिकेसन र गुणस्तर मापदण्ड अनुसार भएको सुनिश्चित हुन सकेन।

ख) ४३०।२०८१।३।२२, पालिकाले विद्युतीय माध्यमबाट वोलपत्र आह्वान गर्दा एक मात्र आपूर्तिकर्ता छनौट भएको जनाई रोयल अटो इन्टरप्राइजेजबाट रु.७४९५००० मा 4WD Hardtop Jeep Mahindra Scorpio S11 खरिद गरेकोमा उक्त गाडीको Specification Compliance & Quality Inspection नगरी भुक्तानी भएको हुँदा उक्त गाडी तोकिएको स्पेशिफिकेसन र गुणस्तर मापदण्ड अनुसार भएको सुनिश्चित हुन सकेन।

३५ **डोर हाजिरी**

नगरपालिकाले दैनिक ज्यालादारीमा सरसफाईको काम गर्ने व्यक्तीहरुको डोर हाजिरी मार्फत वार्षिक रुपमा ६६ जना र विभिन्न अवधिमा विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी यो बर्ष रु.१३२४५६५३ खर्च गरेको देखिन्छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्यकाकंन द्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका व्यक्तिहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट वास्तबमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ । कामको परिमाण एकिन गरी दररेट विश्लेषण गरी Work man days analysis गरी कामको पुष्ट्याई सहित खर्च लेख्नु पर्दछ।

३६ **हाई मास्ट टावर**

४९७।२०८१।३।२४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था उल्लेख छ । त्यसैगरी नियम ९७(क) मा मा ५० प्रतिशत भन्दा कम श्रमको भार भएमा उपभोक्ता समितिबाट गराउन नमिल्ने उल्लेख छ । पालिकाले रु. ५८७९५७१।६२ लागत अनुमान भएको ५ थान हाईमास्ट लाइट वोलपत्रदाताहरुबीच प्रतिस्पर्धा गराई उर्जाघर प्रालिबाट लागत अनुमानको अनुपातमा ५६ प्रतिशत न्यून अर्थात रु. २५९१७६८।४९ मा खरिद गरेको छ । पुन सोही प्रकृतिको हाईमास्ट लाइट सोही समयमा उपभोक्ता समितिबाट रु. २७७७७३०। मा खरिद गरेको छः

क) बोलपत्रका माध्यमबाट खरिद गर्दा लागत अनुमानको तुलनामा ५६ प्रतिशत न्यूनमा खरिद भएको हुँदा उपभोक्ता समितिबाट खरिद गर्दा थप व्यय भार रु. १५५५५२९। परेको मनासिव देखिएन ।

ख) हाई मास्ट लाइटहरुको वारेण्टी तथा ग्यारेण्टी के कति अवधीको हुने भन्ने बारेमा कुनै व्यहोरा उल्लेख छैन । साथै खरिद गरी जडान भएका हाई मास्ट लाइटहरुको गुणस्तर परिक्षण समेत नभएको हुँदा उक्त उपकरणहरुको गुणस्तर आश्वस्त हुन सकिएन । उपभोक्ता समितिबाट प्रतिस्पर्धा बेगरी जटिल प्रकृतिको सामाग्री खरिद गरेको कानून सम्मत नदेखिएको हुँदा अनियमित रु. २७७७७३०

| | |
|---|---|
| अनियमित भएको | २७,७७,७३० |

३७ **विस्तृत नापजाँच**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण कार्यको Re-bar work मा spacing नखुलाएको, Earth work सम्बन्धी कार्यको Ground level खुल्ने विवरण उल्लेख नगरेको, सडक, नाला लगाएतको कामकुन ठाँउमा गरेको चेनेजको शुरुवात बिन्दु कुन ठाँउमा हो उल्लेख

नगरेको हुँदा निर्माण कार्यको परिमाण एकिन गर्न सकिएन । कार्यालयले ड्रइङ डिजाईनमा ग्राउण्ड लेभल समेत उल्लेख नगरी खर्च लेखेकोले कार्यालयले एकिन गर्नुपर्दछ । Earthwork excavation, Road way excavation को कार्य गर्दा Ground Level देखि तल कति कटान गर्ने, फिलिङ गर्ने हो सो नखुलेको Cutting र filling को परिमाण एकिन गर्न सकिएन। Earthwork excavation, Site development, back filling embankment लगायतको कार्य ठुलो परिमाणको कार्य गर्दा Cross section drawing समावेश नगरेकोले परिमाण एकिन गर्न सकिएन। Masonry wall, Earthwork, Road लगायतको कार्य गर्दा Breath र Height Average मा राखेको जवाफ प्राप्त भएपनि नापी कितावमा उल्लेख नगरेकोले कति Size र Number को Sample Data प्रयोग गरी Average उल्लेख नगरेकोले परिमाण एकिन गर्न सकिएन ।RCC को निर्माण कार्य गर्दा Bar Bending Schedule तयार गरेको छैन । डण्डीको Spacing कति को फरकमा राख्ने हो सो खुलाएको छैन ।यस सम्बन्धमा जिम्मेवार व्यक्ति जवाफदेहि हुनुपर्दछ । देहायअनुसारका निर्माण कार्यहरुको प्राविधिक नापजाँच गर्दा निश्चित दुरीलाई आधारमानी चेनेज खुलाई नापजाँच नगरी एकमुष्ट निर्माण कार्यको कूल लम्बाईको औषत चौडाई तथा उचाई उल्लेख गरी परिमाण गणना गरी नापजाँच गरेको हुँदा यस्तो नापजाँच यथार्थपरक भएको सुनिश्चित हुन सकेन । देहायअनुसारका योजनाहरुमा समग्रमा जम्मा भुक्तानी सम्झौता रकम भन्दा न्यून भएको भएतापनि केही आइटम्सहरुमा लागत अनुमान भन्दा बढि परिमाणमा काम भएको जनाई भुक्तानी गरेको छ । यसरी केही आइटम्सहरुमा लागत अनुमानगरे भन्दा बढि काम हुनुको उचित कारण र प्राविधिक पुष्ट्याई सहित खर्च लेख्नु पर्दछ । साथै पालिकाले तयार गरेको लागत अनुमान यथार्थपरक भएको भनि विश्वस्त हुन सकिएन । नियमावलीको पालना हुनुपर्दछ ।

विविध कोषतर्फ

| क्र.सं. | विवरण | भुक्तानी भएको परिमाण | ल.इ. अनुसारको परिमाण | बढि परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | २।२०८०।८।१५ वडा नम्बर १५ मा पुलकित घर नजिक सडक मर्मत कार्यको लागि मा भगवती सडक उसलाई भुक्तानी गरेको छ। मिति २०७९।१२।३० मा काम भएको जनाई हाल भुक्तानी भएको। | | | | | |
| | Earth work excavation | 435.1 | 125 | 310.10 | 468.65 | 145328.37 |
| | Brick soling work | 105.88 | 87.5 | 18.38 | 14147.27 | 260026.82 |
| २ | ४।२०८०।८।१५ वडा नम्बर १३ मा पिपराही टोलमा सडक मर्मत कार्यको लागि बजरंगी सडक निर्माण कार्य उसलाई भुक्तानी गरेको छ। मिति २०७९।१२।३० मा काम भएको जनाई हाल भुक्तानी भएको। | | | | | |
| | Earth filling works imported from 5 km away. | 1261.88 | 1080 | 181.88 | 509.15 | 92604.20 |
| ३ | ७।२०८०।८।१८ भरुवा चोक हुदै हनुमान रोड मर्मत कार्यका लागि उसलाई भुक्तानी गरेको छ। | | | | | |
| | PCC (1:2:4) | 171.76 | 52.50 | 119.26 | 12763.31 | 1522152.35 |
| ४ | १०।२०८०।८।२७ वडा नम्बर २ मा बसपार्क सडक मर्मत कार्यमा उसलाई भुक्तानी गरेको छ। | | | | | |
| | Dry flat brick soling works. | 225.68 | 150 | 75.68 | 724.72 | 54846.81 |
| ५ | १२।२०८०।९।३ वडा नम्बर ९ मा मिश्रीलालको घर देखि खाडो नदि सडक मर्मत कार्यमा उसलाई भुक्तानी गरेको छ। | | | | | |
| | PCC (1:2:4) | 130.8 | 88.53 | 42.27 | 12763.31 | 539505.11 |
| ६ | १३।२०८०।९।३ वडा नम्बर ९ रुपनी सडक देखि पम्प नहर सडक मर्मत उसलाई भुक्तानी गरेको छ। | | | | | |
| | RCC | 16 | 6 | 10.00 | 11750 | 117500.00 |
| ७ | १८।२०८०।१०।२ वडा नम्बर १ मा पानी टंकी देखि नहर सम्मको सडक मर्मत कार्यका लागि उसलाई भुक्तानी गरेको छ। | | | | | |
| | E/W for drain works | 130.13 | 57.87 | 72.26 | 130.13 | 9403.19 |
| | Dry flat brick works | 407 | 385 | 22.00 | 770.64 | 16954.08 |
| | Form works | 348 | 306 | 42.00 | 614.76 | 25819.92 |

पालिका पूँजीगततर्फ

| क्र.सं. | विवरण | भुक्तानी भएको परिमाण | ल.इ. अनुसारको परिमाण | बढि परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | १५६।२०८०/१२/०१ वडा ३ मा जिल्ला सहकारी कार्यालय देखि संजय यादबको घर हुँदै भालुवाही नदी सम्म बाटो तथा कल्भर्ट निर्माण कार्य बापत उ.स.लाई भुक्तानी गरेको । | | | | | |
| | Brick masonry work | 32.57 | 21.25 | 11.32 | 14915.64 | 168845.04 |
| २ | १६।२०८०/०८/१३ वडा ८ मा उमेश गुरुङ घर देखि नाला र सडक कार्य बापत नेशनल निर्माण सेवा लाई भुक्तानी गरेको । | | | | | |
| | Brick soling | 94.6 | 54.45 | 40.15 | 898.35 | 36068.75 |
| | PCC 1:2:4 | 9.46 | 5.45 | 4.01 | 16617.7 | 66636.98 |
| | Re-bar | 916.7 | 558 | 358.7 | 150.29 | 53909.02 |
| ३ | २०८०/०८/१३ वडा १० मा बिरौल रेडक्रस मा अधुरो नाला तथा ढलान कार्य बापत उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । | | | | | |
| | Earth filling | 109.89 | 61.43 | 48.46 | 545.93 | 26455.77 |
| | Sub base work | 26.93 | 20.84 | 6.09 | 3003.6 | 18291.92 |
| ४ | ६९।२०८०।८।२७ वडा नम्बर २ मा अरसाही पोखरी अधुरो घाट तथा संरक्षण कार्य श्री विष्णु उपभोक्ता समितिबाट वाउण्ड्रीवाल निर्माण कार्य गरेकोमा देहायअनुसारका आइटम्सहरुमा लई भन्दा बढि परिमाणको भुक्तानी भएको छ । | | | | | |
| | Earth work excavation | 133 | 37 | 96 | 504.7 | 48451.20 |
| | Dry brick flat soling in foundation | 144 | 22 | 122 | 770.64 | 94018.08 |
| | Earth work back filling | 40 | 11 | 29 | 180.25 | 5227.25 |
| | PCC 124 | 13.25 | 6.7 | 6.55 | 13399.79 | 87768.62 |
| | Rebar | 717 | 450 | 267 | 132.48 | 35372.16 |
| | Form work | 93 | 21 | 72 | 614.76 | 44262.72 |
| | Brick work | 28.36 | 19.2 | 9.16 | 14915.64 | 136627.26 |

३८ **उपभोक्ता समितिवाट खरिद**

**१)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्ाही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ढुवानी भाडा (lead distance) समेत संलग्न गरी दररेट कायम गरेकोमा निर्माण सामग्री उपलब्ध भएको स्थानबाट कार्यस्थलसम्म दुरी कति पर्ने हो सो सम्बन्धी विवरण खुलाई राखेको देखिएन। ढुवानी बापतको रकम दररेटमा संलग्न गर्ने पर्ने अवस्थामा वास्तविक दुरी यकिन गरेर मात्र गर्नुपर्ने देखिन्छ।

उपभोक्ता समितिहरुले पेश गरेको ग्राभेल, माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि कार्यालयमा पेश गर्ने गरेको देखियो। निर्माण सामग्रीहरूको आधिकारिक विल पेश गर्न लगाउने तर्फ कार्यालयले ध्यान दिनुपर्छ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष संचालन भएका योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको छलफल सहित अपनत्व कायम हुने गरी सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यविधि तयार गरी सम्पन्न भएका आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

**खर्च अनुमोदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । प्रचतलि कानून बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।
अधुरो आयोजनाहरुमा उपभोक्ता समितिहरुबाट काम गराएको जनाई भुक्तानी भएको हुँदा यस्ता योजनाहरुको प्रगतिको अवस्था सुनिश्चित गर्नका लागि पालिकाबाट एकिकृत समितिबाट अनुगमन गरी कार्य प्रगतिको अवस्था सुनिश्चित हुनुपर्दछ ।

**२) कार्यविधिको पालना हुनुपर्ने**

मधेश प्रदेशबाट जारी स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० मा उपभोक्ता समितिबाट काम गराउदा पालना गर्नुपर्ने कार्यविधिहरु उल्लेख छ । पालिकोले उपभोक्ता समितिबाट काम गराउदा उक्त कार्यविधिहरु पालना भएको सुनिश्चित गर्नु पर्दछ ।

 सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

 आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

 उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

 आयोजनाको कुल लागत रु. ३ लाख भन्दा बढी भएको आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

 उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कोयम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

 निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कोयम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कोर्यान्वियन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कोयम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएको प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कोरवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिको पदाधिकोरीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

 अनुगमन समितिको व्यवस्थाः आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

 अनुगमन समितिको काम, कर्तव्य अधिकोर देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कोर्यान्वियनमा सहजीकरण गर्ने तथा देखिएको बाधा, व्यवधान र समस्या समाधानको लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कोर्यान्वियन कार्यतालिको अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

 उपभोक्ता समितिको दायित्वः उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेको शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वियनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कोयम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कोयम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

उपभोक्ता समितिबाट भएको केही योजनाहरु निम्नानुसार छन् :

विस्तृत विवरण अनुसूचीमा समावेश छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३९ स्थलगत निरिक्षण

२०८०/०८/१६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ। उपभोक्ता समितिबाट वडा २ मा हनुमान नगर रोडदेखि बरख गण सम्म २०० मिटर ढलान रोड तथा नाला निर्माण कार्य गरेको भनी रु.४८६११९३.१५ भुक्तानी भएको जनाएको छ। उक्त सडकको स्थलगत निरिक्षण गर्दा २ ठाँउ केही भागमा चर्कीएको हुँदा यस्तो सडको गुणस्तर आश्वस्त हुन सकिएन। उपभोक्ता समितिबाट यस्तो चर्किएको सडकको खण्ड पुन निर्माण गराउनु पर्दछ।



४० **डिप बोरिङ**

५४।२०८०।८।१७ वडा नम्बर १५ मा डिप बोरिङ तथा बिद्युतीकरण कार्यका लागि भगवती कृषि उपभोक्ता समितिलाई रु. ४०,८५,२७१। भुक्तानी गरेको छ । डिप बोरिङको water discharge level test नगरेको कारण केकति परिमाणमा पानी निकाल्न सकिन्छ भनि एकिन हुन सकेन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क मा ५० प्रतिशत भन्दा कम श्रमको भार भएमा उपभोक्ता समितिबाट गराउन नमिल्ने उल्लेख छ । उपभोक्ताले पेश गरेको बिल परिक्षण गर्दा कुल कार्य रु. ४०,८५,२७१। भएकोमा रु. २५,१९,५८९। को विजुलीको पोल तार लगाएतको खरिद कार्य भएको र उक्त खरिद उपभोक्ता समितिले प्रतिस्पर्धा बेगर खरिद गरेको देखिन्छ । यस्तो खरिदमा आधारित कार्य पालिकाले सार्वजनिक खरिद कानून अनुसार स्वच्छ प्रतिस्पर्धाबाट नगरी उपभोक्ताबाट प्रतिस्पर्धा नगराई खरिद कार्य गरेको नियम सम्मत देखिएन । नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,८५,२७१ |

४१ **सि.सि.टि.भि. खरिद**

५०३।२०८१।३।२४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था उल्लेख छ। त्यसैगरी नियम ९७ (क) मा ५० प्रतिशत भन्दा कम श्रमको भार भएमा उपभोक्ता समितिबाट गराउन नमिल्ने उल्लेख छ। कार्यपालिकाको मिति २०८१।१।१३ को निर्णयबाट पालिकाले सि.सि.टि.भि. खरिद तथा जडान गर्ने जस्तो जटिल प्राविधिक र खरिदमा आधारित कार्यको लागि उपभोक्ता समितिबाट प्रतिस्पर्धा बेगर काठमाण्डौ जिल्लाको जिल्ला दररेटमा भ्याट समेत र बजार मूल्यलाई आधारमानी खरिद गरेको छ। पालिकाले मिति २०८१ कार्तिक मसान्तसम्म जडान कार्य सम्पन्न गर्ने गरी मिति २०८१।२।२१ मा सम्झौता गरेको छ । हाल लेखापरीक्षण मिति २०८१ पुष मसान्त सम्म पनि जडान कार्य सम्पन्न भएको छैन । उक्त कार्यको सम्झौता रकम रु. ५०७५०००।रहेको छ । उपभोक्ता समितिको अध्यक्ष तनवीर असफाक र रुसा खातुन कोषाध्यक्ष रहेको उल्लेख छ । उपभोक्ता समितिले अकिल स्टोर्स सप्लायर्स राजविराज र सगरमाथा ट्रेडर्स राजबिराजबाट क्रमश रु. १९,६५,१७८।५० र रु. २३,६६,५४१।७९ को ११७ थान सि.सि.टि.भि. खरिद गरेको विल पेश गरेको छ । खरिद भएको सि.सि.टि.भि. हरुको वारेण्टी तथा ग्यारेण्टी के कति अवधीको हुने भन्ने बारेमा कुनै व्यहोरा उल्लेख छैन । साथै खरिद गरी जडान भएका सि.सि.टि.भि.हरुको गुणस्तर

परिक्षण समेत नभएको हुँदा उक्त उपकरणहरुको गुणस्तर आश्वस्त हुन सकिएन । अत नियमावलीको परिपालना गरि खरिद कारवाही गर्नुपर्दछ । उपभोक्ता समितिबाट प्रतिस्पर्धा बेगरी जटिल प्रकृतिको सामाग्री खरिद गरेको मनासिव देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,७५,००० |

## ४२ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को प्रस्तावनामा सामुदायिक विद्यालयमा अध्ययनरत किशोर अवश्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न र महिनावारी व्यवस्थापन सामग्री दिगो विर्सजन तथा पुन प्रयोग गर्न सकिने सामग्रीको पुन प्रयोग गर्न उत्प्रेरित गर्ने उल्लेख छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकामा गत वर्षको मौज्दात १५७३० रहेकोमा यस वर्ष १७७०० खरिद गरेको र विभिन्न विद्यालयलाई २८९३० वितरण गरेको छ । यस वर्ष पालिकाले १७७०० थान स्यानिटरी प्याड रु.११३८९६०.०० (मू.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

## ४३ लघु उद्यम विकास कार्यक्रम (प्रविधि हस्तान्तरण)

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को प्रकरण नं. ४१(२) मा प्रविधिको कुल लागतको कम्तिमा २० % रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उपयूत प्रविधि पहुँच तथा हस्तान्तरण कार्यक्रममा सिलाई कटाई मेसिन २१ वटा रु.३७८०००, ईन्टरलक मेसिन २ वटा रु.४२०००, स्प्रेयर मेसिन १६ वटा रु.८०००० र कृषि मोटर ८ वटा रु.१३६००० गरी जम्मा रु.६९१००० को प्रविधि हस्तान्तरण गरेको देखिन्छ। उक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत सहभागी उद्यमीहरूलाई नियमानुसार २० प्रतिशत नलिई हस्तान्तरण गरेको पाइयो। कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए बमोजिम सहभागी उद्यमीहरूबाट २० % का दरले हुन आउने रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,२०० |

## ४४ आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०६५ मा गर्भवती आमा तथा नवजात शिशुको उपचार गरी मातृ तथा शिशुको मृत्यु हुन नदिन सरकारी वा निजी अस्पतालमा प्रसुती सेवा लिन भर्ना भएका महिलाहरुलाई प्रसुती सेवा उपलव्ध गराउने चिकित्सक तथा नर्सहरुलाई प्रति भर्ना संख्या सामान्य सेवाको लागि रु.२५००.००, जटिल सेवाको लागि रु.४०००.००, शल्यक्रियाको लागि रु.१००००.०० तथा प्रसुती महिला अस्पताल आउन तथा आफ्नो घर फर्किन भनी यातायात खर्च रु.१०००.०० दिने व्यवस्था नेपाल सरकारले गरेको छ। यसका लागि संघीय सरकारले पालिकामा बजेट निकाशा गरी पालिका मार्फत प्रसुती सेवा उपलव्ध गराउने अस्पताललाई सेवा उपलव्ध गराएको विवरण बमोजिम रकम उपलव्ध गराएको छ। यस सेवाको लागि पालिकाले सेवा उपलव्ध गराउने अस्पतालसंग एकवर्षे सम्झौता गरेको छ। यस पालिकाले जिल्ला भित्रका सबै महिलाले प्रसुती सेवा लिएको विवरण बमोजिम रकम उपलव्ध गराएको छ। आफ्नो पालिका भित्रका प्रसुती महिलाले लिएको सेवा का लागि मात्र रकम उपलव्ध गराउने व्यवस्था विपरीत रकम दिएकोले सुधार हुनुपर्दछ।

| अस्पतालको नाम | सेवाग्राही संख्या | सामान्य सेवा रु.२५००.०० | जट्टिल सेवा रु.४०००.०० | शल्यक्रिया सेवा रु.१००००.०० | यातायात सेवा रु.१०००.०० | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| छिन्नमस्ता एजुकेशनल एकेडेमी मेडिकल कलेज | १२७ सो मध्ये १०० जना अन्य पालिका | ५२ जना रकम रु.१३००००.०० | ६जना रकम रु.२४०००.०० | ६९ जना रकम रु.६९००००.०० | १२७ जना रकम रु.१२७०००.०० | ९७१०००.०० |
| अनार भुपेन्द्र नाथ अस्पताल | ५९ सो मध्ये ५० जना अन्य पालिका | २६ जना रकम रु.६५०००.०० | ८ जना रकम रु.३२०००.०० | २५ जना रकम रु.२५००००.०० | ५९ जना रकम रु.५९०००.०० | ४०६०००.०० |

४५ **औषधी भण्डारण**

- नेपाल जनस्वास्थ्य ऐन, २०७५ को दफा २९(७) मा औषधीको गुणस्तर कायम रहने गरी भण्डारणको व्यवस्था हुनुपर्दछ। यस्तै नेपाल जनस्वास्थ्य नियमावली, २०७७ को नियम ३२(२) मा औषधी भण्डारण गर्दा औषधीको गुणस्तर कायम रहने गरी प्रवन्ध मिलाउनु पर्दछ। पालिकाले प्रत्येक वर्ष औषधी खरिद गरि भण्डारण गर्दछ। पालिकाले तीन वर्ष औषधी खरिद निम्नानुसार गरेको छः

| आर्थिक वर्ष रकम | रकम रु. |
|---|---|
| २०७८/७९ | ४९०००००,०० |
| २०७९/८० | २४४७३१३,०० |
| २०८०/८१ | २५५९७४८,०० |

पालिकाले प्रत्येक वर्ष औषधी खरिद गरि पालिका परिसरमा रहेको भवनमा भण्डारण गरेको छ। भण्डारण गरेको भवनको कोठाको अवस्था निम्नानुसार रहेको छ।



औषधी भण्डारण कोठाको निरीक्षण गर्दा औषधी निरीक्षण गर्दा औषधी लापरबाही तरीकाले राखेको, औषधी जथाभावी रुपमा राखेको औषधी राख्ने दराजहरु नभएको पाईयो। औषधिका प्रकार, समुह अनुसार वर्गीकरण गरिएको छैन। औषधीको म्याद समाप्त हुने कम म्याद भएका अवस्था हेरी समुहकृत गरिएको छैन। औषधी भण्डारण कोठामा वत्ती नभएको भूई तलामा सिमेन्टमा राखेको हावा निरन्तर चल्ने गरी झ्याल भेन्टिलेशन भएको देखिएन। यसबाट औषधीको गुणस्तर तथा असर ह्रास हुदै जान्छ। औषधी ऐन, २०३५ मा असरयुक्त तथा गुणस्तरीय औषधी मात्र विरामीलाई उपलव्ध गराउने व्यवस्था गरेको छ। यसर्थ औषधि भण्डारण कोठा उपयुक्त भएन भने औषधी दिन प्रतिदिन औषधीमा हुने असर गुणस्तर ह्रास हुने देखिन्छ। यसर्थ औषधी भण्डारण उपयुक्त र उचित हुनुपर्दछ।

४६ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनु पर्दछ। यसवर्ष पालिकाले चुनचुन फार्मेशी प्रा.लि.पोखराबाट रु.२५५९७४८.९५ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

१.१ औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थितितर्फ पालिकाको ध्यान जानुपर्दछ।

१.२ औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति गरी भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन । मानवजन्य स्वास्थ्यसँग गम्भीर सरोकार राख्ने औषधी खरिद आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। नमुना छनौटको आधारमा खरिद गरिएका केहि औषधिको म्याद जाँच गर्दा खरिद मितिभन्दा तोकिएको मापदण्ड भन्दा कम म्याद रहेको पाइयो। जाँच गरिएका त्यस्ता औषधिहरुमा सालिवेन १२ महिनाम म्याद, Zinc Tablet १८ महिना भन्दा कम म्याद, Ciproflexian १० महिना म्याद बाँकी, Aseptin १४ महिना म्याद बाँकी अतः ती औषधिहरु खरिद गरेको मितिभन्दा न्यूनतम १८ महिनाभन्दा पनि कम म्याद भएकोले यस्तो खरिद कार्यमा औषधिको न्यूनतम म्याद बाँकी रहेको यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

१.३ औषधि निःशुल्क वितरणको लागि भनी उल्लेख गर्नुपर्नेमा सो उल्लेख नभएको समेत पाइयो ।

१.४ आपूर्ति भएका औषधी एवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

१.५ औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

१.६ औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण भएको फारम समेत नभएको पाइयो।

४७ **न्यानो झोला कार्यक्रम**

नेपाल सरकारले शिशुको मृत्यु दर घटाउने उद्देश्यले न्यानो झोला कार्यक्रम सञ्चालन गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोला खरिदगर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष न्यानो झोला खरिद गरेको छैन ।

४८ **कार्यपालिका बैठक भत्ता**

कार्यपालिकाको बैठकमा कार्यपालिका सदस्य बाहेक अन्य कर्मचारीलाई भत्ता भुक्तानी गर्न कानूनि व्यवस्था छैन। पालिकाले कार्यपालिका सदस्य नरहेको देहायको कर्मचारीलाई कार्यपालिका बैठक भत्ता वापत रु.७९०५० भुक्तानी गरेको छ। भुक्तानी भएको भत्ता सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | बैठक संख्या | बैठक दर | कर कट्टी गरी भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | निरंजन प्रसाद यादव | १४ | १५०० | १७८५० |
| २ | मनोज कुमार यादव | १९ | १५०० | २४२२५ |
| ३ | सुरेश कुमार यादव | २३ | १५०० | २९३२५ |
| ४ | भोगेन्द्र प्रसाद यादव | २ | १५०० | २५५० |
| ५ | अशोक कुमार दास | ३ | १५०० | ३८२५ |
| ६ | ज्योतिष कुमार यादव | १ | १५०० | १२७५ |
| | जम्मा | | | ७९०५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,०५० |

४९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५० **तलवी प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्ननुपर्ने ब्यवस्था रहेको छ । यस बर्ष पालिकाका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च रु २,७१,८०,८५२ गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । कानुनी व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

५१ **डोरहाजिर**

नगरपालिकाले दैनिक ज्यालादारीमा डोर हाजिरी मार्फत वार्षिक रुपमा १०५ जना र विभिन्न अवधिमा विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी यो बर्ष रु ७२,४८,०३३ खर्च गरेको देखिन्छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्यकाकंन द्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका कर्मचारीहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट बास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ।

५२ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.२२,१२,८९९ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन। साथै कार्यबोझको आधारमा O & M गरी कानुन बमोजिम पारदर्शि हिसावले मात्र कर्मचारी नियुक्ति गर्नुपर्ने सो वेगर कर्मचारी करारमा नियुक्ती गरी खर्च लेखेको देखियो।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| ईन्जिनियर | १ | ६५२४५७ |
| खरिदार | १ | ५१२२२६ |
| कम्प्युटर अपरेटर | १ | ५३५९९० |
| सहायक कम्प्युटर अपरेटर | १ | ५१२२२६ |
| जम्मा | | २२१२८९९ |

५३ **करार कर्मचारीको महंगी भत्ता**

नेपाल सरकारको अर्थ मन्त्रालय मिति २०७९।१।२१ परिपत्र अनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन। पालिकासंग २६ जना करार कर्मचारीको सम्झौतामा महंगी भत्ता पाउने उल्लेख रहेको देखिन्छ। पालिकाले परिपत्र विपरीत महंगी भत्ता भुक्तानी भएको रु.६७६००० नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,७३,००० |

५४ **कानुनी सल्लाकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा स्थानीय तहका अध्यक्ष तथा उपाध्यक्षले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले कानुनी सल्लाहकारको रुपमा नियुक्त गरी रु.१०४८२१६ खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| नाम | पद | तलब |
|---|---|---|
| शिव कुमार चौधरी | कानुनी सल्लाकार | ५३५९९० |
| रमेश राफी | सहायक कानुनी सल्लाकार | ५१२२२६ |
| जम्मा | | १०४८२१६ |

| | |
|---|---|
| अनियमित भएको | १०,४८,२१६ |

५५ **पदाधिकारि सेवासुबिधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ अनुसार पदाधिकारी तथा सदस्यले पाउने सुबिधाको ब्यबस्था गरेको छ। पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु.२,३२,८५,५०० खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु.२,३२,४९,४९७ को तुलनामा १००.१५ प्रतिशत रहेको देखिन्छ। उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ।

५६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६०२४१०१६०.०० | १५६८९१५५४.०८ | २.७१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७१ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ५७ घटि दाखिला

पालिकाले राजस्व उठाउन साँङ्ग्रीला सफ्टवेयर प्रयोग गरेको देखिएकोमा साँङ्ग्रीला सफ्टवेयरबाट आम्दनी रसिद उठाई सूत्रमा प्रविष्ट तथा आम्दानी बाध्ने गरेको देखिन्छ। जसमा सूत्र अनुसार यो वर्ष आन्तरिक आय रु.२३२४९४९७ रहेको र साँङ्ग्रीला सफ्टवेयर अनुसार यस वर्ष रु.२३०४४८८१ रहेको देखिन्छ। गत वर्षको महालेखा परीक्षकको प्रतिवेदन अनुसार आन्तरिक आयतर्फ रु.१२ लाख ५५ हजार ५ लेखापरीक्षणको क्रममा असुल भई दाखिला गरेको देखिन्छ। सो रकमबारे परीक्षण तथा आर्थिक प्रशासनसँग सोधपुछ गर्दा लेखा परीक्षण क्रममा असुल भएको रकम साँङ्ग्रीला सफ्टवेयरमा आम्दानी रसिद नउठाई सोझै बैंक दाखिला गरेको तथा सूत्रमा बाँधिएको देखिन्छ। सो साँङ्ग्रीला सफ्टवेयरबाट देखाएको आम्दानी रु.२३०४४८८१ र गतवर्षको लेखा परीक्षण क्रममा असुली भएको रकम जम्मा गरी रु.२४२९९८८६ सुत्रमा आम्दानी हुनुपर्नेमा रु.२३२४९४९७ मात्र भएकोले घटी रकम रु.१०५०३८९ सम्बन्धित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,३८९ |

## ५८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग भएको र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन।

## ५९ घर जग्गा कर र व्यवसाय कर

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७ र ५८ अनुसार नगरपालिका वा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रमा घर जग्गा कर , घर बहाल कर र व्यवसाय कर कानून बमोजिम उठाउन सक्ने व्यवस्था रहेकोमा राजविराज नगरपालिकाको आर्थिक बिधेयक २०७९ को अनुसुची १,३ र ४ बमोजिम विभिन्न शिर्षकवाट कर उठाउने दर तोकिएको छ।लेखापरीक्षणले गत विगत देखि नै कर असुल गर्न बाँकी रहेको लेखदै आई रहेकोमा पालिकाले ध्यान नदिएको तथा घर जग्गा कर र व्यवसाय करको लगत अधावधिक नराखेकोले औषत दर राखि आ.व. २०८०/८१ मा कर उठन बाँकी रु ४५२०८७१ असुल गर्नु पालिकाले ध्यान दिनुपर्दछ।

| आय शीर्षक | कर दाता संख्या | आ.व. २०७९/०८० को असुल हुन बाँकी रकम रु. | आ.व. २०८०/०८१ को असुल हुनुपर्ने रकम रु | आ.व. २०८०/०८१ को असुल भएको रकम रु. | आ.व. २०८०/०८१ को असुल हुन बाँकी रकम रु. |
|---|---|---|---|---|---|
| घर जग्गा कर | ३७०३ | ७०५७७० | २७६६६६३ | १८६९१० | २५७९७५३ |
| व्यवसाय कर | ३२२५ | २१३६४९७ | १७१३०७५ | ३५१३९७ | १३६१६७७ |
| घर बहाल कर | ४८० | ० | ८८४४३९ | ३०५००० | ५७९४३९ |
| जम्मा | | २८४२२६७ | ५३६४१७८ | ८४३३०७ | ४५२०८७१ |

६० **सटर भाडा**

नगरपालिकाबाट प्राप्त विवरण अनुसार नगरपालिकाको स्वामित्वमा रहेको सटरहरु मासिक भाडामा लगाउने सम्झौता अनुसार देहायको सटर भाडामा लगाउने गरी सम्झौता भएको देखियो। सटर भडामा लगाएको सम्झौताको दफा ३ मा प्रत्येक महिनाको ७ गतेभित्र भडा बुझाउनुपर्ने, ७ दिन पछि ७ प्रतिशत जरिवाना सहित दोस्रो महिना बुझाउनु पर्ने व्यवस्था छ। दोस्रो महिनामा समेत भडा नबुझाएमा तेस्रो महिना १ गते देखि बाँकि रकममा १० प्रतिशत सकार रकममा जरीवाना लाग्ने व्यवस्था छ। तर नगरपालिकाले समयमा सटर भाडा नबुझाउने लाई सम्झौता अनुसार कारवाही गरी जरीवाना समेत असुल गरेको पाइएन। तर्सथ लेखापरिक्षणमा उपल्बध विवरण अनुसार आ.व.२०८०/८१ असार मसान्तसम्म देहायका बमोजिम रकम असुल गर्न बाँकी देखिएकोले उक्त रकममा जरीवाना समेत रु.२२४१९०९ असुल उपर गर्नुपर्ने रु.

| सटर नं | सकारकर्ता | सम्झौता मिति | अवधि | मासिक कबोल | आ.व. २०८०/८१ को भाडा बाँकी | जरिवाना | आ.व.२०७९/८० असुल गर्न बाँकी |
|---|---|---|---|---|---|---|---|
| नपा कम्पाउड पश्चिमतर्फको गिलेशन | | | | | | | |
| ४ | दिपक एण्ड आदित्य कन्सट्रक्स | पेश नभएको | पेश नभएको | १३५०० | २२९५०० | २२९५० | २५२४५० |
| ६ | नितु देवी साह | पेश नभएको | पेश नभएको | १२१७१ | २९२१०४ | २९२१० | ३२१३१४ |
| ९ | चन्द्रिका देवी चौधरी | पेश नभएको | पेश नभएको | १२१०० | २४२००० | २४२०० | २६६२०० |
| नपा कम्पाउड उत्तरतर्फको गिलेशन | | | | | | | |
| १ | अलहसन इन्टरनेशनल एण्ड ट्रेडर्स | २०७९।१०।१५ | २ वर्ष | १२२०० | १७०८०० | १७०८० | १८७८८० |
| २ | बजरंग पेडा भण्डार | २०७९।१०।१५ | २ वर्ष | १३५०० | २३६२५० | २३६२५ | २५९८७५ |
| ५ | दिपक फोटोकपी | २०७९।१०।१५ | २ वर्ष | १२३०० | २१५२५० | २१५२५ | २३६७७५ |
| ७ | चौधरी फोटोकपी सेन्टर | २०७९।१०।१ | २ वर्ष | १५७७१ | २८३८७८ | २८३८७ | ३१२२६५ |
| वडा नं ७ पुरानो बारुण यन्त्रको गिलेशन | | | | | | | |
| १ | कामनी कुमारी वर्मा | पेश नभएको | पेश नभएको | ३५६१ | ३५६१ | ३५६ | ४२६८ |
| सिडि तल | गुलशा खातुन | पेश नभएको | पेश नभएको | पेश नभएको | ५६७६६ | ५६७६ | ६२४४२ |
| नपा कम्पाउन्डको दक्षिण तर्फको गिलेशन | | | | | | | |
| ४ | दाथजी बली | ०७९।१०।०१ | २ वर्ष | ८६०० | १११८०० | ११९८० | १२२९८० |
| ८ | कृष्ण चन्द्र मण्डल | ०७९।१०।०१ | २ वर्ष | ९१०० | ४५५०० | | ९१०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नपा कम्पाउन्डको पुर्व तर्फको गिलेशन | | | | | | | |
| १९ | टेक होटल एण्ड रेष्टुरेन्ट | ०७९। १०।०१ | २ वर्ष | १६७७५ | १४८५०० | १४८५० | १६३३५० |
| लेखनाथ आदर्श पुस्तकालको रोड साइट | | | | | | | |
| १ | लेखनाथ किराना पसल | २०८०। २।०१ | २ वर्ष | १२००० | २४००० | २४०० | २६४०० |
| १० | प्रशन्न सौरभ गुप्ता | २०८०। २।०१ | २ वर्ष | १५००० | १५१०० | १५१० | १६६१० |
| जम्मा | | | | | | | २२४१९०९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,४१,९०९ |

६१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | 450000 | 193810.43 | 43.07 |
| भूमिकर/मालपोत कर | 900000 | 743664.9 | 82.63 |
| घरभाडा कर | 5300000 | 3787307.42 | 71.46 |
| वहाल विटौरी कर | 4715000 | 1582985.49 | 33.57 |
| अन्य कर | | 8626842.18 | ० |
| सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | 1950000 | | 0 |
| अन्य बिक्रीबाट प्राप्त रकम | 300000 | 243161.72 | 81.05 |
| अन्य सेवा शुल्क तथा बिक्री | 525000 | 1259172.59 | 239.8 |
| न्यायिक दस्तूर | 20000 | 19540 | 97.7 |
| अन्य प्रशासनिक सेवा शुल्क | 52000 | 155351.84 | 298.8 |
| नक्शा पास दस्तुर | 2650000 | 1661528.22 | 62.7 |
| सिफारिश दस्तुर | 1011000 | 1193022.39 | 118 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | 485000 | 626700 | 129.2 |
| नाता प्रमाणित दस्तुर | 32000 | 34285 | 107.1 |
| अन्य दस्तुर | 17190 | 375285.61 | 2183 |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | 325000 | 325153.85 | 100.1 |
| अन्य क्षेत्रको आय | 295000 | ३३२०७९.४२ | 1.02 |
| न्यायिक दण्ड, जरिवाना र जफत | | 16000 | |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | 130000 | 121741.24 | 93.65 |
| अन्य राजस्व | 493000 | 588467.55 | 119.4 |
| व्यवसाय कर | 795000 | 351397.82 | 44.2 |
| बेरूजू | 200000 | 956000 | 478 |
| बाँडफाँटबाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर | 39450000 | 31302631 | 79.34 |
| बाँडफाँटबाट प्राप्त हुने मुल्य अभिवृद्धि कर | 120406000 | 70306886.07 | 58.39 |
| बाँडफाँटबाट प्राप्त हुने अन्त शुल्क | 0 | 32087911.89 | 0 |
| बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी | 0 | 627.45 | 0 |
| | | | |

| | | | |
|---|---|---|---|
| जम्मा | 180501190 | 156891554.1 | 86.91 |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६२ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नविकरण शुल्क वापत रु.351397।82 कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ। पालिकाले क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

६३ **राजश्व दाखिला**

आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९(६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। साथै सोही नियम अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत १६ वटा वडा तथा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छ।

| वडा नं. | कुल संकलित रकम | बैंकमा जम्मा भएको रकम |
|---|---|---|
| पालिका | १९९९१३९८।०९ | १९९९१३९८।०९ |
| १ | ५०२६८५।९५ | ५०२६८५।९५ |
| २ | १३८६१४।२१ | १३८६१४।२१ |
| ३ | १०३४०२।८४ | १०३४०२।८४ |
| ४ | १०६४५२।४२ | १०६४५२।४२ |
| ५ | ८४७७१।४४ | ८४७७१।४४ |
| ६ | २०१२१९।६५ | २०१२१९।६५ |
| ७ | २९८३१६।६६ | २९८३१६।६६ |
| ८ | १८२११७।३९ | १८२११७।३९ |
| ९ | ४५२१२७।८६ | ४५२१२७।८६ |
| १० | १३३४९७।३७ | १३३४९७।३७ |
| ११ | २४४६७२।९६ | २४४६७२।९६ |
| १२ | ११२६६९।१३ | ११२६६९।१३ |
| १३ | ४४८९६।९४ | ४४८९६।९४ |
| १४ | ३९८७९।०० | ३९८७९।०० |
| १५ | १२५५१९।४१ | १२५५१९।४१ |
| १६ | १८७०५५।९३ | १८७०५५।९३ |
| जम्मा | **२२९४९२९७।२५** | **२२९४९२९७।२५** |

६४ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने साथै सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ। बजेट व्यवस्था भइ कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिइ स्वीकृत बजेट बमोजिम कै हाराहारीमा हुने गरी रु.९९०६७१ खर्च गरेको छ। यसरी डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट नगरेको तथा परामर्शदाताबाट पेश भएका प्रतिवेदनहरु कार्यालयको अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| गो.भौ.नं. मिति | भुक्तानी फर्म | लागत अनुमान | रकम रु. |
|---|---|---|---|
| ६५१-०८१।०३।१६ | साईरस ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | ४९९३३५ | ४९५७३१ |
| ७१६-०८१।०३।२१ | ए वन ईन्जिनियरिङ्ग डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा लि | ४९९५९५ | ४९४९४० |
| जम्मा रु | | | ९९०६७१ |

६५ **गैर सरकारी संस्था मार्फत खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ अनुसार स्थानिय स्तरका सीप तथा क्षमता विकास तालिमका लागि आवास बस्नु नपर्ने अवस्थामा खाजा तथा खाना वापत रु २५० सम्म खर्च गर्न सक्ने व्यवस्था छ। देहायका कार्यक्रममा खाना तथा खाजाका लागि तोकिएका मापदण्डको दर भन्दा बढी दरमा खर्च विवरण बनाई भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउने | कार्यक्रम | संख्या | दिन | भुक्तानी दर | बढी दर | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| ३७२ | मेरो नेपाल | चेतनामुलक कार्यक्रम | ६० | ९ | ४५० | २०० | १०८००० |
| ३७३ | सामाजिक सुरक्षा तथा विकास केन्द्र | क्षमता विकास तालिम | ३५ | २ | ४५० | २०० | १४००० |
| ३७४ | सामाजिक सुरक्षा तथा विकास केन्द्र | विपद व्यवस्थापन सम्वन्धी कार्यक्रम | ४० | २ | ४५० | २०० | १६००० |
| ४५० | सामाजिक युथ तथा विकास मञ्च | ट्राफिक नियम सम्वन्धी सचेतनामुल कार्यक्रम | ११२ | १ | ५९० | ३४० | ३८०८० |
| ४५१ | छिन्नमस्ता विकास केन्द्र नेपाल | महिला हिंसाविरुद्ध सम्वन्धी सचेतनामुल कार्यक्रम | ५० | २ | ६३० | ३८० | ३८००० |
| ४९५ | सक्षम युवा नेपाल | बेमौसमी तरकारी उत्पादन सम्वन्धी तालिम | ३५ | ८ | ५०० | २५० | ७०००० |
| ५३५ | सामाजिक सुरक्षा तथा विकास केन्द्र | विपद व्यवस्थापन सम्वन्धी कार्यक्रम | ४० | ५ | ४५० | २०० | ४०००० |
| ५६३ | छिन्नमस्ता विकास केन्द्र नेपाल | बालबालिका सचेतना तालिम | ४६ | ३ | ६३० | ३८० | ५२४४० |
| ५६४ | सामाजिक न्याय तथा विकास मञ्च | मैनबत्ती बनाउने तालिम | ३७ | ३ | ६३० | ३८० | ४२१८० |
| ५७० | एभरग्रीन नेपाल | बालविवाह न्युनिकारण सम्वन्धी सचेतनामुलक तालिम | ३५ | ३ | ५५० | ३०० | ३१५०० |
| ६०३ | सर्वेत्थान तथा मानव अधिकार नेपाल | कृषि सम्वन्धी कार्यक्रम | ३५ | ३ | ५५० | ३०० | ३१५०० |
| | जम्मा | | | | | | ४८१७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८१,७०० |

६६ **धरौटी तर्फ**

नाम नामेसी नखुलेको धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको कारोबारको लेखा तोकिएको ढाँचामा गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत विगत वर्षको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रहेको रु. २,३४,०८,१३८।६४ जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा आंशिक व्यक्ति तथा फर्मको नामनामेसी अल्या गरेको देखिएता पनि नामनामेसी नखुलेको रकम रु. ९,०७,५०४ एकमुष्ट पालिकाकफ नाममा जिम्मेवारी सारेको देखिन्छ । धरौटी अल्या गर्दा नामनमेसी नखुलाई अल्या गरेको धरौटीको सम्वन्धमा एकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको प्रक्रिया पुरा गरी

धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ । पालिकाले नामनामेसी नखुलेको रकम रु. ९,०७,५०४ वाट धरौटी फिर्ता गर्दा सो धरौटी रकम सम्वन्धित फर्मको हो होईन, हो भन्ने कुन प्रयोजनको लागि कति हो भन्ने सम्बनधी यकिन गरी फिर्ता गर्नुपर्दछ।

६७ **अनुदान निकासा**

पालिकाको नगर सभाबाट बार्षिक नीति तथा कार्यक्रममा देहायका संघ तथा सहकारी संस्थाहरुलाई अनुदान रकम रु.९७९७९२८ उपलब्ध गराउने गरी पारित भएको छ। सो अनुदान उपलब्ध गराउँदा कार्यविधि बनाई खर्चका आधार तोकी खर्चका लागि निकासा दिनु पर्नेमा सो बेगर रकम निकासा दिएको अनुदानको उपयोगको स्थिती एकिन हुने गरी प्रगति सहितको अनुगमन प्रतिवेदन समेत प्राप्त नभएकोले अनुदान खर्च तोकिए अनुसार भएको एकीन भएन। कार्यविधि बेगर अनुदान दिएको तथा अनुदानको उपभोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ।

| क्र.सं. | संस्थाको नाम | अनुदान रु. |
|---|---|---|
| १ | गजेन्द्र नारायण सिंह अस्पताल | २१०५८८८ |
| २ | राजविराज पोलिटेक्निक इन्स्टिच्युट | १०००००० |
| ३ | राष्ट्रसेवक बहुमुखी सहकारी संस्था | ५००००० |
| ४ | पत्रकार महासंघ | ४००००० |
| ५ | आधारभुत तथा सहरी स्वास्थ्य केन्द्र वडा नं ६ | १९९५००० |
| ६ | आधारभुत तथा सहरी स्वास्थ्य केन्द्र वडा नं ७ | २०००००० |
| ७ | आधारभुत तथा सहरी स्वास्थ्य केन्द्र वडा नं १३ | २९७०४० |
| ८ | आधारभुत तथा सहरी स्वास्थ्य केन्द्र वडा नं ८ | १५००००० |
| | जम्मा | ९७९७९२८ |

६८ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ६ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु.१५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ। पालिका अन्तर्गत संचालित ४२ वटा विद्यालयलाई नगरपालिकाले दिवा खाजा वापत रु.८६९८९८० निकासा दिएको छ । यस सन्दर्भमा निम्नलिखित व्यहोरा देखियोः

दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वयन पुस्तिकाको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यक पोषणको ३० % पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्णपालना गराउनेतर्फ ध्यान दिनुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित ४२ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा पालिकाले उपलब्ध गराएको खर्च विवरणको आधारमा देहायका विद्यालयको दिवा खाजा स्रेस्ता परीक्षण गर्दा खर्च भन्दा निकासा बढि भएकोले र कतिपय विद्यालयले दिवा खाजा नै नखुवाएको पाइयो ।यसरी बढि निकासा भएको तथा खाजा कार्यक्रम नै सञ्चालन नगरेको देहायका विद्यालयहरूबाट रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम | खर्च रकम | बढि निकासा रु. |
|---|---|---|---|---|
| 1 | जनता आ वि मुसहर्निया भरुवा | ३५१००० | ३२४००० | २०००० |
| 2 | नरेन्द्र मेरोरियल ज.मा.वि. | २७४५९० | ० | २७४५९० |
| 3 | राष्ट्रिय आधारभुत विधालय | २८५७५० | २५०३९५ | ३५३५५ |
| 5 | आधारभुत विद्यालय थानगाछी | ४०८००० | ३६५४०० | ४२६०० |
| 6 | आधारभुत विद्यालय नवटोल देउरी भरुवा | ३३७५०० | ३३१२०० | ६३०० |
| | जम्मा रकम | | | ३७८८४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७८,८४५ |

६९ **स्यानेटरी प्याड खरिद**

६९.१ कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ । पालिकाले यस वर्ष २६९६३ प्याकेट स्यानेटरी प्याड र १२ थान स्यानेटरी प्याड डिस्पोजल मेसिन रु.११,३८,९६० मा एन्गोल टच हाईजिनिक म्नुफेक्चरिङ्ग प्रा.लि.वाट खरिद गर्न सम्झौता भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

• स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । नगरपालिकाले टेण्डर मार्फत यस बर्ष २६९६३ थान स्यानिटरी प्याड रु.११,३८,९६० ( मु.अ. कर समेत ) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि लेखापरीक्षणको अवधिसम्म पनि ६५६० प्याकेट स्यानेटरी प्याड मौज्दातमा राखेको देखिन्छ साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ।

• पालिकाले यस वर्ष बोलपत्र मार्फत स्यानेटरी प्याड खरिद गर्दा ३ वटा बोलपत्र परेको देखिन्छ। बोलपत्रमा १ थान स्यानेटरी प्याड डिस्पोजल मेसिनको दर रु ३६००० स्वीकृत भएको मा विलमा प्रति थान स्यानेटरी प्याड डिस्पोजल मेसिनको दर रु ४०६८० राखि भुक्तानी भएकोले प्रति थान रु ४६८० ले बढी भुक्तानी भएकोले १२ थानको जम्मा बढी भुक्तानी रु ५६१६० सप्लायर्सवाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,१६० |

६९.२ पालिकद्धारा रु.११,३८,९६० मा खरिद गरेको स्यानेटरी प्याड डिस्पोजल मेसिन र प्याडमध्ये वितरण भएको प्याडको वित्तरण भर्पाई पेश नभएको र बाँकी स्यानेटरी प्याड समयमै खर्च गरी सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरको भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३८,९६० |

७० **शिक्षण सिकाईमा ICT अनुदान**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ दफा ५ (क), (ख) र (ग) मा भएको व्यवस्था अनुसार स्थानीय तहले इन्टरनेट पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने,

विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइ रहेका कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने, छनोट भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयका Kits र networking, internet आदि व्यवस्थापन गर्न लगाउदा आवश्यक फर्निचर, कम्प्युटर उपकरण सफ्टवेयर विद्युतीय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामग्री व्यवस्थापन गर्ने, सुनिश्चित कायम गर्ने गरी प्रति विद्यालय रु.६ लाख ५० हजार एकमुष्ट अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ। नगरपालिकाले देहायका विद्यालयलाई ICT तथा विज्ञान प्रयोशाला स्थापनाका लागि रु.१३,००,००० अनुदान निकासा दिएकोमा विद्यालयले उक्त रकमको विल भरपाई तथा कार्यसमपन्न प्रतिवेदन पेश नभएको रु.

| क्र.सं. | विधालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | म दे आ वि चनौरा राजविराज | ICT Lab | ६५०००० |
| २ | आ वि फसैठ राजविराज | विज्ञान प्रयोगशाला | ६५०००० |
| | जम्मा | | १३००००० |

| प्रमाण पेश नगरेको | १३,००,००० |
|---|---|

## ७१ छात्रवृत्ति अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को बूँदा नं. ४.२ मा गैर आवासीय छात्रवृत्ति सम्बन्धी कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रवृत्ति व्यवस्था रहेको छ। नगरपालिकाले रु.१३,४३,६०० छात्रवृति निकासा दिएको छ। कार्यक्रम कार्यान्विनय पुस्तिका अनुसार IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्यालाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा मात्र गैर आवासीय छात्रवृत्ति निकासा दिनुपर्नेमा पालिकाद्धारा यसो गरेको छैन। साथै विद्यालयद्धारा पेश गरेको भरपाईमा वि.व्य.स.को अध्यक्ष र प्र.अ.द्धारा प्रमाणित हुनुपर्नेमा सो नभएकोले भरपाईलाई यथार्थ मान्न सकिएन। IEMIS को तथ्याङ्क सहि भए नभएको यकिन नगरी रकम निकासा दिएकोले पालिकाद्धारा विद्यार्थी संख्याको यकिन गरी यथार्थ विद्यार्थी संख्याको आधारमा मात्र रकम निकासा गर्नुपर्दछ।

## ७२ विद्यालय निकासा रजिष्टर

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ।

## ७३ अवकाश पश्चात तलब भुक्तानी

विद्यालयले श्रीमती शान्ती झाको अनिवार्य अवकास मिति २०८१।०२।०५ रहेकोमा आ.व.२०८०।०८१ को चौथो त्रैमासिकको तलब र आ.व. २०८१।०८२ को पहिलो त्रैमासिकको तलब भुक्तानी भएको देखिन्छ। सो नियम विपरित प्रति महिना रु.५३५४१ तलब भत्ता भुक्तानी भएकोले ४ महिना २५ दिनको तलब भत्ता रु.२५८७८१ निजवाट असुल गरी संघीय राजश्वमा दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २,५८,७८१ |
|---|---|

## ७४ बढी तलबभत्ता निकासा

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै पनि विध्यालयले आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। पालिकाले विद्यालयका

शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्दा राजदेवी ठाकेदेवी जोगेन्द्र भगत माध्यमिक विद्यालयको शिक्षकको तलबी भरपाई अनुसार रु १३३२००७० खर्च देखेकोमा पालिकावाट रु १३७२०१७३ भएकोले बढी निकासा रकम रु ४००१०३ सम्बन्धित प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयबाट फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,१०३ |

७५ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७/७८ को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ४२ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन। विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ।

७६ **शिक्षक अभिलेख**

पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। त्यसैगरी कार्यालयले प्रमाणित र परीक्षण नभएको सफ्टवेयर सिष्टम प्रयोग गरि माग फारम वेगरको तलव रुजु नगरी निकासा दिएको देखिदा निकासा भएको तलव पूर्ण रुपमा भरपर्दो छ भन्न सकिएन। तसर्थ शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको विश्वस्त हुने गरी अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ।

७७ **कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५१ अन्तर्गत संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनको बूँदा नं.१५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण एवम् मूल्याङ्कनको लागि सामुदायिक विद्यालयका कक्षा ८ का विद्यार्थीलाई प्रति विद्यार्थी रु.२७५ का दरले परीक्षा सञ्चालनका लागि अनुदान दिने व्यवस्था छ । पालिकाभित्र सञ्चालित ४२ वटा सामुदायिक विद्यालयमा हेड काउन्टका आधारमा कक्षा ८ मा पढ्ने विद्यार्थी संख्या जम्मा ६०२ रहेको पाइयो । पालिकाले परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनको लागि ९८० विद्यार्थीलाई रु.२७५ का दरले रु.२६९५०० भुक्तानी दिएको छ । श्रेस्ता परीक्षण गर्दा पालिकाले सामुदायिक विद्यालयका अतिरिक्त निजी विद्यालयका कक्षा ८ का ३७८ विद्यार्थीलाई रु.२७५ का दरले रु.१०१९५० भुक्तानी दिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,०१,९५० |

७८ **पाठ्यपुस्तक वित्तरण**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. अनुसार कक्षा १-१२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था छ। पालिकाले ०८०।८१ मा ४२ वटा विद्यालयलाई रू.४१,१७,४२३ निकासा दिएको छ। स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखियोः

• IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्यालाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा कक्षागत र विषयगत पाठ्यपुतकको संख्या यकिन गर्नुपर्नेमा स्थानीय निकायद्वारा सो गरेको पाइएन।

• विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहले गरेको छैन्।

• विद्यालयले पुस्तक किनेको संख्या भन्दा IEMIS मा विद्यार्थी संख्या धेरैले बढी रहेको देखिन्छ। विद्यालयहरुले अनुदान प्राप्तिको लागि इमिसमा विद्यार्थी संख्या बढाएर राख्ने गरेकोले पालिकाद्धारा यसको यथार्थ जाँच गरेर मात्र अनुदान निकासा दिनुपर्दछ।

• विद्यालयले पेश गरेको पुस्तक वित्तरणको भरपाई परीक्षण गर्दा एकै किसिमको हस्ताक्षर रहेकोले पाठ्यपुस्तक वित्तरणको भरपाई यथार्थ हो भन्नेमा यकिन हुन नसकेकोले स्थानीय तहले यसको छानविन गरी यकिन गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित ४२ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा पालिकाले उपलब्ध गराएको खर्च विवरणको आधारमा देहायका विद्यालयले घटी विल तथा विल भरपाई पेश नगरेकोले निकासा भएको रकम सम्वन्धीत विद्यालयहरूबाट विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम | विल अनुसार खर्च रकम | बढि रकम |
|---|---|---|---|---|
| १ | म दे आ वि चनौरा पडरीया | १०३४२३ | ० | १०३४२३ |
| २ | आधरभुत वि चनौरा पडरीया | ३२२९६ | ३०६८२ | १६१४ |
| ३ | आधारभुत वि केन्द्र नं ६ | ११८३१० | ११०७५० | ७५६० |
| ४ | ईस्लामिया आ वि राजविराज | ५५५८० | ३५३१० | २०२७० |
| ५ | बहिरा बालक स्कुल | १३१६७ | १६४८ | ११५१९ |
| ६ | राष्ट्रिय आधारभुत विधालय खैरसाल | २४३७५ | २३५३४ | ८४१ |
| ७ | बालमन्दिर आ वि राजविराज | ४३१८३ | ३८४२२ | ४७६१ |
| ८ | आधारभुत विधालय हिमालयटोल | ३९८७३ | ३५८५९ | ४०१४ |
| ९ | जनता आ वि मलेठ गढीया | ४६५७८ | ४२६४८ | ३९३० |
| १० | मदरसा रहमानिया दारुल कुरान | ३८३४७ | ३६०७२ | २२७५ |
| ११ | आधारभुत विधालय दिघवा बिरौल | ७४८९१ | ७२५४९ | २३४२ |
| १२ | रेडक्रस आ वि दिघवा | ३४४७७ | ३३९४२ | ५३५ |
| १३ | जनक आ वि बिरौल | ३५६३९ | ० | ३५६३९ |
| १४ | गायत्रीबेली आ वि कदमाहा | १७०२५ | ० | १७०२५ |
| १५ | जनता आ वि मोतिपुर | ५०२५२ | ४४१८७ | ६०६५ |
| १६ | जनता आ वि सिंयौन | २३६४५ | २१९३५ | १७१० |
| १७ | आधरभुत विधालय दमावती | ५२५७० | ० | ५२५७० |
| १८ | महाविर आ वि विषहरीया | १११०९७ | ० | १११०९७ |
| १९ | आधारभुत वि भेल्ही पिपरही | ९५६५४ | ७२९०० | २२७५४ |
| | जम्मा रकम | | | ४०९९४४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०९,९४४ |

७९ **प्राविधिक धारका विद्यालयलाई अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.६ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipment and Practical Materials व्यवस्थापनको लागि प्रति विद्यार्थी रू.१५००० अनुदान दिने व्यवस्था छ। यस सम्बन्धमा स्थानीय तहले अनुदान वित्तरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने। यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा नगरपालिकाले श्री नरेन्द्र मेरोरियल ज.मा.वि. बोरिया विद्यालयलाई रु.३१,४५,६०० निकासा दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छनः

कार्यान्वयन पुस्तिका अनुसार OJT वापतको कक्षा ९-११ सम्म ३ महिना र १२ लाई ६ महिनाको लागि प्रति विद्यार्थी रु.१००० का दरले OJT अभ्यासको लागि विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्नेमा विद्यालयले OJT वापत विद्यार्थीलाई वित्तरण गरेको भरपाई पेश गरेको छैन्। तसर्थ, नरेन्द्र मेरोरियल ज.मा.वि. बोरिया विद्यालयलाई प्राविधिक धार सञ्चालनको लागि दिएको निकासा रकम कार्यान्वयन पुस्तिकाको मापण्ड बमोजिम विद्यार्थीको बैङ्क खातामा ट्रान्सफर गरेको बैङ्क विवरणका साथै ल्याब असिस्टेन्ट नियुक्ती लगायतका शिर्षकमा नियमानुसार खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,४५,६०० |

८० **इन्धन खर्च**

पालिकामा २ पिकअप भ्यान, ३ ट्रिपर, ५ ट्र्याकटर, १ जेसिबी, १वारुणयन्त्र, ३६ मोटरसाइकल, १ स्कुटर रहेकोमा पालिकाले यस वर्ष पदाधिकारी इन्धनमा रु १२२१९२, कार्यालय प्रयोजनको लागि इन्धनमा रु ८८०२५० र सरसफाई इन्धनमा रु ४५८७०८९ गरी जम्मा रु ५५८९५३१ खर्च गरेको देखिन्छ। इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड नबनाई अनियन्त्रित रुपम इन्धन खर्च गरेको पाइयो । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र नगरप्रमुखले प्रयोग गर्ने गाडीको लागि मासिक औसत ३०० लि. डिजल खर्च गरेकोमा पालिकाको कार्यक्षेत्र भ्रमण गर्दा उक्त इन्धन खपत हुने देखिदैन । कुनै पनि सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, सवारी साधन प्रयोगको लगबुक राख्ने नगरेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति नरहेकोले सवारी साधन अनुसारको लगबुक बनाई पेश हुनुपर्दछ।

८१ **खर्च पुष्टयाईको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्चको पुष्टि गर्ने प्रमाण र कागजात, भरपाई तथा वितरण भरपाई पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार रु.२१०५०६७ को भरपाई तथा प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. | विवरण | प्रयोजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६७ | डेल्टा कम्प्युटर सर्भिस एण्ड सप्लायर्स | सडकवत्ती कार्यक्रम वडा नं १५ | १४९८८८ | खरिद गरिएको विधुतीय सामाग्रीको पाम्स दाखिला नरहेको, विविध शिर्षकवाट खरिद गरिएको,प्राविधिक मुल्याङ्कन नरहेको र स्पेशिफिकेशन अनुसार सामाग्री जडान सम्वन्धी प्रमाण पेश नभएको |
| ६७५ | मो. आलम खान | खेलकुद विकास कार्यक्रम वडा नं २ | १९९८०८ | लागत अनुमान नरहेको, खरिद गरिएको सामाग्रीको पाम्स दाखिला र वितरण भर्पाई नरहेको |
| ६९४ | निधि ट्रेडर्स एण्ड सप्लायर्स | डिजिटल वोर्ड जडान पालिकामा | ३२५१०१ | लागत अनुमान नरहेको, प्राविधिक मुल्याङ्कन नरहेको र स्पेशिफिकेशन अनुसार सामाग्री जडान सम्वन्धी प्रमाण पेश नभएको |
| ७११ | चन्द्र सप्लायर्स | ह्यण्ड पम्प जडान वडा नं ९ | ९९४०६ | विपद व्यवस्थापन शिर्षकवाट ह्यण्ड पम्प सामाग्री वितरण तथा जडान गरिएको, प्राविधिक मुल्याङ्कन नरहेको |
| ७०८ | एभरग्रीन | सामाग्री खरिद | ६९९५०० | शिक्षा स्तरोन्न्ती कार्यक्रमा सामाग्री खरिद जस्ता कार्य गैर सरकारी संस्था मार्फत गराएको, खरिद सामाग्री कम्प्युटर टेवल कुर्सी दराज आदी को हस्तान्तरण तथा वितरण भर्पाई पेश नभएको |
| १८८ | बाबा धर्मराज निर्माण सेवा | अतिक्रमण कार्य | २४८४७५ | जसिविले कति कार्य गरेको सम्वन्धमा प्राविधिक मुल्याङ्कन नरहेको |
| ७४२ | आयुष ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री खरिद | ९४२१७ | मसलन्द सामाग्री खरिदको विल भरपाई पेश नभएको |
| ७४२ | जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री खरिद | ९८००८ | मसलन्द सामाग्री खरिदको विल भरपाई पेश नभएको |
| ७४२ | टिप ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री खरिद | ९२१५४ | मसलन्द सामाग्री खरिदको विल भरपाई पेश नभएको |
| ७४२ | दिपान्शु सप्लायर्स | मसलन्द सामाग्री खरिद | ९८५१० | मसलन्द सामाग्री खरिदको विल भरपाई पेश नभएको |
| | जम्मा | | २१०५०६७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,०५,०६७ |

८२ **विद्युत जरिवाना**

सार्वजनिक खर्चमा मितव्ययित तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १५ बिजुली महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिका र मातहतका विभिन्न कार्यालयहरुको श्रेस्ता परीक्षणको क्रममा केही नमुना परीक्षणको रुपमा भौचर नं १३९,२३२,२५६,३४०,४०२ र ५०५ परीक्षण गर्दा विद्युत महसुल समयमा नै भुक्तानी नगरी रु.३९३३६२ जरिवाना तिरेको छ । पालिकाले समयमा विद्युत महसुल बुझाउने तर्फ ध्यान दिनुपर्दछ।

८३ **शिर्षक फरक पारी खर्च**

पालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ। पालिकाले देहायको व्यक्तिलाई भुक्तानी भएको रकम जुन शीर्षकको लागि भुक्तानी भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा रु.१४६९४४ खर्च गरेको छ। अतः नियमसम्मत खर्च नभएकोले अनियमित भएको रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | खर्च रकम |
|---|---|---|---|---|
| ६०४ | राजु कुमार पटेल | पशु स्वास्थ्य औषधी | बरतन भाडाकुडा | ९९९४४ |
| ७०६ | विभिन्न व्यक्ति | विविध खर्च | ज्यालादारी खर्च | ४७००० |
| | जम्मा | | | १४६९४४ |

| | |
|---|---|
| अनियमित भएको | १,४६,९४४ |

८४ **महोत्सव तथा पुजा खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन। साथै ऐनको दफा ७३ मा बजेट खर्च गर्दा मितव्ययिता र औचित्य समेत विचार गरी खर्च गर्ने व्यवस्था छ। सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। यसका केही उदारणहरु निम्न छन्।

| सि.नं. | भुक्तानी पाउने संस्था/व्यक्तिको नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| १ | मो.वकील | धार्मिक कार्यक्रम | ९९९२९ |
| २ | राजु कुमार पटेल | धार्मिक, मेला तथा पुजा कार्यक्रम | १९१६३० |
| ३ | कमली कुमारी सदा | धार्मिक, मेला तथा पुजा कार्यक्रम | १००००० |
| ४ | मो.वकील | चैते दशैं कार्यक्रम | १५०००० |
| ५ | श्याम कुमार दास | मेला तथा पुजा कार्यक्रम | १००००० |
| ६ | सप्तरी युथ नेपाल | मेला तथा पुजा कार्यक्रम | १००००० |

८५ **सवारी साधन भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाइ विचार पुर्याउनुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारी साधन भाडामा लिइ रु.९९२८०८। खर्च लेखेको छ।

उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो। साथै कार्यालयले भाडा संझौतामा स्पष्ट प्रयोजन नखुलेको स्वीकृत म.ले.प.फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियन्त्रण तथा अभिलेख राख्नुपर्दछ।

**८६ कर्मचारी कल्याण कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरुी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकारण अनुदानको रकमबाट रु.३६ लाख ट्रान्सफर गरेको देहाका कर्मचारीलाई अवकाश भए वापत रु.३५२६५१३ भुक्तानी गरेको छ । कोष संचालन सम्बन्धी कानुनको व्यवस्था पालिकाले गरे तापनि स्थानीय सरकार स्चालन ऐनले व्यवस्था गरे वमोजिम खाइपाई आएको तलवबाट नभई अनुदान रकमबाट कट्टा गरी ट्रान्सफर गरेको रकमबाट खर्च गर्नु उचित देखिएन । यस्तो खर्च कानूनद्बारा व्यवस्थित गर्नुपर्दछ।

| भौचर नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| ४ | प्रथम यादव | १८०२४८८ |
| ७ | विजय मेहत्तर | १७२४०२५ |
| जम्मा | | ३५२६५१३ |

**८७ जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ति तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने र कार्यालयले समाग्री खरिद गर्नुपूर्व खरिद आदेश जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारको समानहरु खरिद गर्दा सामान्य ठाडामा दाखिला रहेको तर पाम्समा दाखिला नगरेकोले उक्त समानहरु खरिद आदेश र दाखिला प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं.र मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| २०७-०८०।१०।२१ | आर इन्टरप्राईजेज एण्ड सप्लायर्स | स्टेशनरी तथा मसलन्द सामाग्री | ९९७४५ |
| ४५५-०८१।०२।११ | डल्टा कम्प्युटर सर्भिस एण्ड सप्लायर्स | कम्प्युटर माउस प्रिन्टर आदी | ५३८७८५ |
| ६१०-०८१।०३।१३ | चन्द्र इश्वर मेडिकल एण्ड सप्लायर्स | प्रिन्टर ब्याग लागाय सामाग्री | ४३९३१ |
| ६१०-०८१।०३।१३ | चन्द्र इश्वर ट्रेडर्स | स्वास्थ्य सम्बन्धी सामाग्री | ६१९८४ |
| ६१०-०८१।०३।१३ | चन्द्र सप्लायर्स | स्टिल दराज टेवल आदी | ९११६१ |
| | जम्मा | | ८३५६०६ |

| प्रमाण पेश नगरेको | ८,३५,६०६ |
|---|---|

**८८ वडा संचालन खर्च**

८८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने व्यवस्था छ।पालिकाको जिन्सी हिसाव तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक

कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा पालिकाले मात्र PAMS को प्रयोग गरेको र वडा कार्यालयहरुले खरिद गरेका मसलन्द तथा कार्यालय सामाग्रीहरुको PAMS मा दाखिला नगरी वडा रजिष्टरमा दाखिला गर्ने गरेको देखियो। खरिद भएका सामाग्रीहरुको तथा मर्मत सम्भारको अभिलेख राख्नुपर्नेमा नराखेकोले नियम कानूनअनुसार एउटै जिन्सी मूल आम्दानी बाँध्नु पर्नेमा सो नगरी मसलन्द सामाग्री बापत रु.३९६९७३० खर्च लेखेको पाइयो। पालिकाको वडा कार्यालयका वडा सचिवहरुले आफै खरिद आदेश दिने, आफै वडामा दाखिला गर्ने प्रवृति हटाइ अनिवार्य रुपमा मुल जिन्सी आम्दानी बाँधेर मात्र यस्तो खर्च लेख्नुपर्दछ।

| गो.भौ.नं.र मिति | भुक्तानी पाउने | सामाग्री | रकम |
|---|---|---|---|
| ६२-०८०।८।१२ | राजकुमार पटेल | मसलन्द, फर्निचर तथा अन्य खरिद | १५४७०० |
| ६३-०८०।८।१२ | जयराम यादव | मसलन्द, फर्निचर तथा अन्य खरिद | ११४९७० |
| १२५-०८०।९।०३ | कल्पना देव | मसलन्द, फर्निचर तथा अन्य खरिद | १७७३१३ |
| १२६-०८०।९।०३ | हरि नारायण | मसलन्द, फर्निचर तथा अन्य खरिद | २०३००० |
| १५०-०८०।९।१७ | प्रकास नारायण साह | मसलन्द, फर्निचर तथा अन्य खरिद | ३८६१० |
| १७८-०८०।९।१७ | नितु गुरमैता | मसलन्द, फर्निचर तथा अन्य खरिद | १४५१४० |
| २०६-०८०।१०।२१ | अमरनाथ दत्त | मसलन्द, फर्निचर तथा अन्य खरिद | १६८३८२ |
| २६१-०८०।११।२९ | अमरनाथ दत्त | मसलन्द, फर्निचर तथा अन्य खरिद | १३७९२० |
| २७२-०८०।१२।०१ | राजकुमार पटेल | मसलन्द, फर्निचर तथा अन्य खरिद | १७४१६० |
| २७१-०८०।१२।०१ | जयराम यादव | मसलन्द, फर्निचर तथा अन्य खरिद | ६२२०० |
| ३१७-०८०।१२।१४ | मो. आलम खान | मसलन्द, फर्निचर तथा अन्य खरिद | २८६९४२ |
| ४११-०८१।१।२७ | मो. वकिल | मसलन्द, फर्निचर तथा अन्य खरिद | २३९७९२ |
| ४२४-०८१।०१।३१ | हरि नारायण | मसलन्द, फर्निचर तथा अन्य खरिद | १४२३०५ |
| ४४९-०८१।०२।०९ | मो. आलम खान | मसलन्द, फर्निचर तथा अन्य खरिद | ३९६७९३ |
| ५०३-०८१।०२।०९ | अमरनाथ दत्त | मसलन्द, फर्निचर तथा अन्य खरिद | ३३२०१७ |
| ५३२-०८१।०२।२८ | सन्जिव कुमार यादव | मसलन्द, फर्निचर तथा अन्य खरिद | ३७८९३९ |
| ५७७-०८१।०३।०७ | कल्पना देव | मसलन्द, फर्निचर तथा अन्य खरिद | २४१३५२ |
| ५८१-०८१।०३।०९ | जयराम यादव | मसलन्द, फर्निचर तथा अन्य खरिद | १७६१४० |
| ६२२-०८१।०३।१५ | राजकुमार पटेल | मसलन्द, फर्निचर तथा अन्य खरिद | २४९४४ |
| ६२३-०८१।०३।१५ | राजकुमार पटेल | मसलन्द, फर्निचर तथा अन्य खरिद | १४३८८० |
| ६५८-०८१।०३।१६ | अमरनाथ दत्त | मसलन्द, फर्निचर तथा अन्य खरिद | ११८१५१ |
| ६५९-०८१।०३।१६ | अमरनाथ दत्त | मसलन्द, फर्निचर तथा अन्य खरिद | ११२०८० |
| | जम्मा | | ३९६९७३० |

८८.२ पालिकाले वडाहरुलाइ विभिन्न शिर्षकहरुमा बजेट विनियोजन गरेको पालिकाको आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा योजना पुस्तिकाबाट देखिन्छ। प्रत्येक वडाहरुलाइ विनियोजन गरेको रकम ९९.९९ प्रतिशत खर्च भएको देखिन्छ। वडाहरुलाइ कर्मचारी पारिश्रमिक बापत विनियोजन भएको रकममा विभिन्न कर्मचारीहरुलाइ डोर हाजिर मार्फत काममा लगाइ रु.४८१७७७३ भुक्तानी दिएको देखियो ।कर्मचारीहरु नियुक्तीको मापदण्ड, नियुक्ति प्रक्रिया परीक्षणको क्रममा पेश नभएको र प्रमाण आधार बेगर डोर हाजिरमा

राखि खर्च लेखेको छ। अतः आवश्यकता र उचित मापदण्ड, संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरवन्दीभित्र कर्मचारीहरुको नियुक्ती गर्नुपर्नेमा मौखिक आवश्यकताको आधारमा डोर हाजिरीमा राखि रु. ४८१७७७३ लेखेकोमा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४८,१७,७७३ |

## ८९ खेलकुद प्रतियोगिता

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक मंत्रालय विभाग एवं स्थानीय निकायबाट सम्पादन गरिने कार्यहरूको नीति एवं परोपकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसबर्ष निम्न खेलकुद प्रतियोगिता सञ्चालन गरी बिल भरपाईका आधारमा रु.३३८६१८८ खर्च गरेको देखिन्छ। यस्ता कार्यक्रम सञ्चालनमा नियन्त्रण गरी खर्च मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | क्रिकेट प्रतियोगिता | २०००००० |
| २ | ब्याडमिन्टन प्रतियोगिता | ३८६१८८ |
| ३ | कबड्डी प्रतियोगिता | १०००००० |
| | जम्मा | ३३८६१८८ |

## ९० वितरण भर्पाइ

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाई प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्दछ । पालिकाले देहायका सामाग्री तथा छात्रवृति वितरण गर्दा वास्तविक लाभ पाउने समक्ष पुगे नपुगेको प्रमाण तथा भर्पाई पेश नभएकोले भर्पाई प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं, | भुक्तानी पाउने | सामाग्री | रकम रु. |
|---|---|---|---|
| ८८ | आर के ट्रेडर्स एण्ड सप्लायर्स | खेलकुद सामाग्री | ९८३४३ |
| ८८ | मिथिला जेनेरल सप्लारयर्स | खेलकुद सामाग्री | ९८३९८ |
| १५१ | जियो ट्रेडीङ | डायरी पेन ब्याग छाता टावेल प्रति सामाग्री १२५ थान | ५३६४६८ |
| १७२ | राजु कुमार पटेल | खेलकुद सामाग्री | ४९८३३ |
| १८५ | राजदेवी स्पोटर्स सेन्टर | खेलकुद सामाग्री | ३०३७२ |
| २६१ | अमरनाथ दत्त | खेलकुद सामाग्री | ४१२४२९ |
| २६४ | हरिनारायण यादव | खेलकुद सामाग्री | ९९४६८ |
| ४३३ | मिथिला जेनेरल सप्लारयर्स | खेलकुद सामाग्री | ९९८४६ |
| ४७६ | आर इन्टरप्राईजेज एण्ड सप्लायर्स | रेन कोट २६ थान | ९८९८८ |
| ६५५ | निधि ट्रेडर्स एण्ड सप्लायर्स | डेक्स बेन्च सेट | २९९९८१ |
| | जम्मा | | १८२४१२६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,२४,१२६ |

९१ **घर तथा जग्गा भाडा**

सार्वजनिक खरिद नियमावलीको नियमावलीको नियम ९४ मा घरजग्गा भाडामा लिने सम्बन्धी व्यवस्था रहेको छ ।उक्त नियम अनुसार घरजग्गा भाडामा लिने सार्वजनिक निकायले नियम ९४ को उपनियम २(१) बमोजिमका कुराहरु खुलाइ सात दिनको सूचना टास गर्ने उक्त अवधिभित्र पर्न आएका प्रस्तावहरुलाइ जिल्ला घरभाडा निर्धारण समितीमा पेश गरी निर्धारण समितीले निर्धारण गरे बमोजिमको दरमा घरजग्गा धनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने हुन्छ।पालिकाले सो बमोजिम नगरी सोझै विभिन्न व्यक्तिहरुसँग घरभाडा तथा फोहोरमैला व्यवस्थापनका लागि जग्गा भाडा सम्बन्धी सम्झौता गरी घरभाडा तथा जग्गा भाडा बापत रु.६६९६१३। खर्च लेखेको छ । पालिकाले प्रचलित नियमको परिपालना गरी सार्वजनिक खर्चलाइ व्यवस्थित तवरले खर्च गर्न ध्यान दिनुपर्दछ ।

९२ **मर्मत तथा सम्भार खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर, चार्जर, माउसका साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन।कार्यालयले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन।मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ तयार नगरी पालिका तर्फ सवारी साधन मर्मतमा रु.१४५०१३२ र वडा कार्यालय तर्फ रु ११२०९३० गरी जम्मा रु २५७१०६२ सवारी साधन मर्मत खर्च लेखेको छ ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

९३ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १२८९४५६ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज लगायतका सामाजिक सञ्जालहरु प्रयोग गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

९४ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.१५,५१,९६७ खर्च लेखेको देखियो । लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार पालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो।पालिकाका पदाधिकारी तथा कर्मचारीहरु नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्वेश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि नै हो भनि यकिन गर्ने अवस्था देखिएन। यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राजबिराज नगरपालिका, सप्तरी , राजविराज नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनय कुमार सोनु | २०८०-५-१ | २०८०-१०-२९ |
| कार्यालय प्रमुख | भोगेन्द्र प्रसाद यादब | २०७८-१२-१६ | २०८०-५-५ |
| कार्यालय प्रमुख | विष्णु प्रसाद गुरुङ | २०८०-६-५ | २०८१-५-२५ |
| कार्यालय प्रमुख | डा. श्रवण कुमार साह | २०८१-६-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शत्रुघन लाल दास | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,७३६,५४५ | १९,५२८,१८४ | १४,५१६,३०१ | ० | ० | ९,८२५,४७४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४७,६०६,५०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४७,६०६,५०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २९१०००२३३.७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५८८८२११६० | चालु खर्च | ४६४२७६५५९.८१ |
| प्रदेश सरकारबाट अनुदान | १३५८९००० | पूँजीगत खर्च | ३९१४१६५२७.०८ |
| राजश्व बाँडफाँट | १३३६९८०५६.४१ | वित्तीय/अन्य व्यवस्था | ४०२६७२३९४.०७ |
| आन्तरिक आय | २३१९३४९७ | | |
| अन्य आय | ३३१६९२९५४.२१ | | |
| कुल आय | १०९०९९४६६७.६२ | कुल खर्च | १२५८३६५४८०.९६ |
| बाँकी मौज्दात | | १२३६२९४२०.३६ | |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

### कोटेशनबाट खरिद भएको केही विवरणहरु

| मिति | भौचर | विवरण | रकम रु. |
|---|---|---|---|
| ०८/१३/२०८० | ८ | नगरसभा निर्णयानुसार गत को राजविराज पोलिटेक्निकल को बाउन्ड्री वाल निर्माण कार्य बापत भगत ग्रुप ओफ कन्स्ट्रक्सन प्रा.लि. लाई अन्तिम भुक्तानी। | ४३१७४८३.४४ |
| ०८/१३/२०८० | १२ | नगरसभा निर्णय अनुसार गतको वडा १५ मा बाबा डिहिबार मन्दिरमा भवन निर्माण कार्य बापत ए.बि.कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ८८१७६४.०१ |
| ०८/१३/२०८० | १३ | नगरसभा निर्णय अनुसार गतको वडा ११ मा मेनरोड देखि बिनोद घर सम्म नाला ,स्लाब निर्माण कार्य बापत रुबी निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९६१५७२.२९ |
| ०८/१३/२०८० | १४ | नगरसभा निर्णय अनुसार गतको वडा ११ मा परमेश्वर यादब बाश देखि पश्चिम नहर सम्म माटो फिलिंग कार्य बापत चेतन कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९१५२४०.३९ |
| ०८/१३/२०८० | १५ | नगरसभा निर्णय अनुसार गतको वडा ८ मा सन्तोष गुप्ता घर देखि उत्तर लाल भट्टराई घर सम्म नाला र बाटो ढलान कार्य बापत हिमान्सु निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९७१३३५.४२ |
| ०८/१३/२०८० | १६ | नगरसभा निर्णय अनुसार गतको वडा ८ मा उमेश गुरुङ घर देखि नाला र सडक कार्य बापत नेशनल निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९७४२५३.१४ |
| ०८/१३/२०८० | १७ | नगरसभा निर्णय अनुसार गतको वडा ८ मा मदरसा देखि उत्तर कुबेर घर सम्म सडक निर्माण कार्य बापत आर.एस.कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९७२९७२.५९ |
| ०८/१३/२०८० | २७ | नगरसभा निर्णय अनुसार गतको वडा ७ मा नाला सरसफाई तथा शिब शनि मन्दिर चौतारी नि.र भिभिन्न ठाउमा माटो ग्राभेल कार्य बापत निखिल निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ८२९६७८.३१ |
| ०८/१३/२०८० | २८ | नगरसभा निर्णय अनुसार गतको वडा १० मा वडा कार्यालयको बाउन्ड्री वाल निर्माण कार्य बापत हिमान्सु कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ७८०२४७.०२ |
| ०८/१३/२०८० | २९ | नगरसभा निर्णय अनुसार गतको वडा १ मा बिभिन्न ठाउमा माटो ग्राभेल कार्य बापत चण्डी कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९१०२७६.०२ |
| ०८/१४/२०८० | ३३ | गतको पशुपन्क्षि कार्यक्रम को लागि डिप फ्रिज खरिब को बिल युनिवोर्ल्ड किचेन एण्ड होम एप्लायँस प्रा.लि. लाई भुक्तानी। | ९५३७२० |
| ०८/१४/२०८० | ३७ | नगरसभा निर्णय अनुसार वडा ११ मा सामुदायिक भवन फर्सैठ निर्माण कार्य गरे बापत आकाश कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. लाई भुक्तानी। | ८९९६६१.९ |
| ०८/१६/२०८० | ४९ | नगरसभा निर्णय अनुसार वडा १५ मा फोहरमैला प्रशोधन केन्द्र निर्माण कार्य बापत नेशनल निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | १६६६४६०.४४ |
| ०८/१७/२०८० | ५१ | नगरसभा निर्णय अनुसार वडा ८ मा बिभिन्न ठाउँ मा माटो ग्राभेल (मण्डल पोखरीको वरिपरी) कार्य गरे बापत जालपा निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ६८०३०४.२६ |
| ०९/१३/२०८० | ८८ | नगरसभा निर्णय अनुसार गतको योजना वडा १६ मा वडा कार्यालय भवन निर्माण कार्य बापत एन.सी.कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९७७७९३.२४ |
| ०९/१७/२०८० | ९७ | नगरसभा निर्णय अनुसार गतको योजना वडा ४ मा बलराम गुप्ता घर देखि, अशोक लज देखि , मिना ठाकुर घर देखि बिभिन्न कार्य बापत कन्लाचन निर्ईमाण सेवा अन्तिम बिल भुक्तानी। | ६६६४७६.०८ |
| ०९/२४/२०८० | १०५ | नगरसभा निर्णय अनुसार गतको योजना वडा ४ मा बलराम, अशोक लाज , मिना ठाकुर को घर देखि ढलान कार्य बापत कंचन निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ७५३११७.९७ |
| ०९/२६/२०८० | ११० | नगरसभा निर्णय अनुसार गतको योजना वडा १५ मा मेनरोड देखि रामनाथ शर्मा देखि परसुराम घर सम्म नाला तथा ढलान कार्य बापत हंस कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ७८०५११.३४ |
| १०/२६/२०८० | १४५ | नगरस्तरीय योजना वडा ४ मा वडा कार्यालय भवन निर्माण कार्य बापत अन्तिम बिल तथा उक्त फर्म को गत बिगतको पेश्की कट्टा गरी बाँकी मा ओम बिराट निर्माण सेवा प्रा.लि. लाई भुक्तानी। | ८०४८२९.८३ |
| १२/०१/२०८० | १५५ | गतको योजना वडा १६ मा कृषि पोल तार तथा गोठम टोल पोखरी गाछी देखि रहमान खा सम्म नाला निर्माण कार्य बापत दुर्गा कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९२६१२९.३६ |
| १२/०७/२०८० | १६१ | गत को वडा १५ मा तार पोल को कार्य गरे बापत जय चन्द्रा निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ८६९०८३.२६ |
| १२/२७/२०८० | १६८ | गतको वडा स्तरीय वडा ११ मा मेनरोड राम नरेशको घरदेखि महेश यादबको घर सम्म तथा रामजानकी मन्दिरमा शौचालय निर्माण कार्य बापत नरसिंग गैया माता निर्माण सेवा प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | ८९२३२९.४४ |
| ०१/०३/२०८१ | १७३ | गतको योजना वडा ९मा जगदारी को कब्रिस्तान को कम्पाउण्ड वाल निर्माण कार्य बापत आर्यन कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९७७४३८.५ |
| ०१/०४/२०८१ | १७४ | नगरस्तरीय योजना वडा २ मा लिटिल फ्लावर स्कूलदेखि पुर्ब ब्रजेश झा को घर सम्म रोड नाला निर्माण कार्य बापत रुपेश निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ६८३७४९.३८ |
| ०२/०१/२०८१ | १९५ | गतको नगर स्तरीय योजना वडा ९ मा कोल्हट्टा को कब्रिस्तान को कम्पाउण्ड बाल कार्य गरे बापत काश्यप कन्स्ट्रक्सन लाई अन्तिम भुक्तानी। | ९७२२३५.६६ |

| | | | |
|---|---|---|---|
| ०२/०९/२०८१ | २०२ | नगर स्तरीय योजना को वडा १,४,९,१३,१५ मा अधुरो बिधयालय भवन निर्माण कार्य बापत भगत ग्रुप अफ कन्स्ट्रक्सन प्रा.लि. लाई तेस्रो रनिंग बिल भुक्तानी। | ८१९६८४३.५६ |
| ०२/०९/२०८१ | २०८ | नगरस्तरीय योजना वडा ४ मा माछा हटिया स्तरोन्नति कार्य गरे बापत आई.टि.सगरमाथा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | ९७६४८२.८ |
| ०२/१४/२०८१ | २१९ | गतको योजना तथा संसोधन गरी सम्पुरक कोष को योजना वडा ३ मा हदिसमिंया को घर देखि पश्चिम कल्ट पोखरी को कल्भर्ट तथा के.अ.मा.बि.को पुर्ब राजदेबीरोड देखि उत्तर गुलाब अलि को घर सम्म रोड र नाला निर्माण कार्य गरे बापत उमेशकन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी अभिल | ९०७४०७.३५ |
| ०२/२५/२०८१ | २४९ | नगरस्तरीय वडा २ मा अरसाही पोखरी साजनको घर सम्म नाला तथा मेनरोड देखि बब्लु घर सम्म नाला निर्माण कार्य बापत साधना कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९७३२८६.५५ |
| ०२/२५/२०८१ | २५२ | नगरस्तरीय वडा ३ मा अनेश्वर दासको घर देखि हरि साह को घर सम्म नाला तथा बाटो ढलान कार्य बापत शिव पार्वती निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९६४६०९.८१ |
| ०२/२७/२०८१ | २५७ | नगरस्तरीय वडा १ मा स्वास्थ भवन थप सरंचना कार्य गरे बापत माझि निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९५२७९२.०८ |
| ०३/०५/२०८१ | २७६ | वडा स्तरीय वडा २ मा बाल जुगेस्वर देखि मनोज घर सम्म माटो ग्राभेल कार्य बापत गोल्डी कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ६७२९२७.४१ |
| ०३/०७/२०८१ | २८४ | नगर स्तरीय भगवती पोखरी क्षेत्रमा पोल सहितको भेपर लाइट खरिद तथा जडान कार्य वापत आविश्कार इनर्जी प्रा.लि.लाई भुक्तानी। | ९९६२३७.६ |
| ०३/०७/२०८१ | २८६ | नगरस्तरीय योजना वडा ११ मा साबिक फर्सैठ २ को मेनरोड देखि जगदेव मण्डलको घर सम्म माटो ग्राभेल कार्य बापत आकाश कन्स्ट्रक्सन एण्ड कन्सलातेंसी प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | ९७८६०२.६५ |
| ०३/१०/२०८१ | २९६ | वडा स्तरीय वडा ७ को सावित्री पण्डितको घरदेखि सियाराम यादवको घरसम्म स्ल्याब सहित नाला निर्माण कार्य वापत जानकी कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानीको। | ९७४८६४.५६ |
| ०३/१०/२०८१ | २९८ | वडा स्तरीय वडा ६ को लिलजा टोल जाने बाटो सडक तथा नाला निर्माण कार्य वापत रीता कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानीको। | ९७६३१६.१६ |
| ०३/११/२०८१ | ३०५ | गतको वडा स्तरीय वडा ४ को तथा चालु वडा स्तरीय वडा ४ को स्व.हेम ना.,बजरंगबली मन्दिर को रंगरोगन तथा नालामाथि स्लाब निर्माण कार्य बापत एस.एण्ड.आर.निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९७२९५७.९७ |
| ०३/११/२०८१ | ३०६ | वडा स्तरीय वडा १ मा बिभिन्न स्थानमा माटो ग्राभेल्को काम तथा राजकुमार यादबको घरदेखि बिरेन्द्र यादबको देखि फदनयादब सम्म माटो कार्य बापत कंचन निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ७३५०५२.३१ |
| ०३/११/२०८१ | ३१३ | नगरस्तरीय वडा ७ को भगवती पोखरी सोंदर्यकरण कार्य गरे बापत शिव पार्वती कन्स्ट्रक्सन लाई भुक्तानी। | ८२५९९२.१४ |
| ०३/१२/२०८१ | ३१४ | वडा स्तरीय वडा १४ मा राम ना.घरदेखि, बिभिन्न स्थानमा बाटो मर्मत तथा राम लखन घर देखि फुदाई घरसम्म बाटो मर्मत निर्माण कार्य बापत चेतन कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९७४९६९.३९ |
| ०३/१३/२०८१ | ३२९ | वडा स्तरीय वडा १३ मा कृषिमा बिधुतिकरण बोडिंग कार्यक्रम कार्य बापत डी डी.कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९६१२८३.६४ |
| ०३/१३/२०८१ | ३३० | वडा स्तरीय वडा १६ मा अधुरो वडा कार्यालय भवन निर्माण कार्य बापत रुपेश कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ९९६०८१.०१ |
| ०३/१३/२०८१ | ३३३ | वडा स्तरीय वडा ९ मा बिभिन्न सडक को मर्मत तथा आधारभूत बिद्यालय गढ़िया प्रागन मा माटो पुर्ने कार्य बापत सिन्हा बिल्डर्स एण्ड कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ६५५७१६.१४ |
| ०३/१४/२०८१ | ३३६ | नगर स्तरीय वडा ११ मा विनोद यादबको घरदेखि भुवनेश्वर यादबको घर सम्म नाला निर्माण कार्य बापत न्यु सरोज निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९७४०९२.५७ |
| ०३/१५/२०८१ | ३४९ | नगर स्तरीय वडा ७ मा विषयगत कार्यालयबाट शसस्त्र प्रहरी बललाई विविध कार्यको लागि सादिया कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ९२७९८६.७१ |
| ०३/१६/२०८१ | ३५४ | नगर स्तरीय वडा ७ मा रहेको भगवती पोखरीमा उत्तर तर्फ गेटबाट दक्षिक पश्चिमतर्फ योगा सेड निर्माण गरे वापत माँ राजदेवी कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ७४२७६२.३७ |
| ०३/१६/२०८१ | ३५६ | नगर स्तरीय पसल कबल मर्मत कार्य गरे वापत खड्का कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ९७३९५७.३४ |
| ०३/१६/२०८१ | ३५८ | वडा स्तरीय वडा ३ मा बेचन मियाँ घरदेखि दक्षिण मुना मियाँको घरसम्म नाला स्ल्याब निर्माण कार्य वापत ब्लुसफेयर कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई अन्तिम बिल भुक्तानी। | ९७७२९९.४६ |
| ०३/१७/२०८१ | ३६३ | वडा स्तारिय वडा १६ मा खोप क्लिनिक को लागि तथा अधुरो नाला तथा सडक निर्माण गोठम मा कार्य गरे बापत बागेश्वरी निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ८६८०६४.५४ |

| | | | |
|---|---|---|---|
| ०३/१७/२०८१ | ३६८ | सम्पुरक कोष बाट वडा १५ मा मुसहर्निया मा बिधुतिकरण कार्य बापत सुनिता देबी इन्जिनियरिंग प्रा.लि. लाई अनितम बिल भुक्तानी। | ९२६०३८.८१ |
| ०३/१९/२०८१ | ३९० | वडा स्तरीय वडा ९ मा सिचाईका लागि बिधुतिकरण गर्न पोल,तार जडान कार्य बापत श्री गहिल निर्मान् सेवा लाई भुक्तानी। | ९७४६९६.१२ |
| ०३/१९/२०८१ | ३९५ | वडा स्तरीय वडा ८ मा भू-सरन्क्षन् देखि आधारभूत बिधयालय को नाला तथा रुपनी रोद देखि प्रिमियर स्कूल सम्म नाला निर्माण कार्य बापत नेशनल निर्मान् सेवा लाई भुक्तानी। | ८८०५६५.५९ |
| ०३/१९/२०८१ | ३९८ | नगर स्तरीय अन्य भौतिक पूर्वाधार शिर्षक बाट वडा ७ मा अधुरो शौचालय तथा सिमेन्ट बेन्च निर्माण कार्य बापत अनुषा निर्माण सेवा लाई भुक्तानी। | ९७५२१३.७ |
| ०३/१९/२०८१ | ४०० | वडा स्तरीय वडा १० मा वडा कार्यालय मर्मत तथा दिहिबार थान निर्माण कार्य बापत मा गहिल कन्स्लातेंद्त एण्ड कन्स्ट्रक्सन प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | ७७९७१२.२५ |
| ०३/२०/२०८१ | ४०६ | सम्पुरक कोष बाट वडा ९ मा जगदारी कब्रिस्तान स्तरोन्नति कार्य बापत प्रयास कन्स्ट्रक्सन लाई अन्तिम बिल भुक्तानी। | ६९५०८३.४८ |
| ०३/२०/२०८१ | ४०९ | नगर स्तरीय वडा २ मा अरसाही पोखरी दिलमा आउट डोर एक्सरसाइज मेशिन कार्य बापत श्री छिन्नमस्ता निर्माण सेवा लाई अन्तिम बिल भुक्तानी। | ९७०२४३.९७ |
| ०३/२१/२०८१ | ४२३ | वडा स्तरीय वडा २ को मन्दिर अतिथि सदन पोखरी सौन्दर्यीकरण योजनाको डिपिआर बनाए वापत सेल्सियस इन्जिनियरिंग कन्सल्ट प्रा.लि. लाई भुक्तानीको। | ६९६८१४.५ |
| ०३/२१/२०८१ | ४२५ | नगर स्तरीय वडा ९ मा दुमार बस्तीमा बोल्डर क्रेतिंग कार्य बापत न्युटन कन्स्ट्रक्सन कम्पनि प्रा. लि. लाई अन्तिम बिल भुक्तानी। | ९७४६६३.६४ |
| ०३/२१/२०८१ | ४२६ | वडा स्तरीय वडा ५ मा तारा लाल यादब को घर देखि राजकुमार तत्मा घर सम्म तथा उग्र ना. दास घर देखि राजकुमार बिराजी घर सम्म नाला निर्माण कार्य बापत राजिब निर्माण सेवा लाई अन्तिम बिल भुक्तानि। | ९७१२७५.४६ |
| ०३/२१/२०८१ | ४२९ | नगर स्तरीय वडा २ मा रहेको अरसाही पोखरी अधुरो बाउन्ड्री वाल तथा सौन्दर्यकरण कार्य सम्पन्न गरे वापत विशाल कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ९७४६५७.०६ |
| ०३/२४/२०८१ | ४५८ | वडा स्तरीय वडा ४ मा रहेको आधारभूत विद्यालयको अधुरो ट्वाइलेट निर्माण र गत विगतको वडा ४ कै आधारभूत विद्यालयको डेस्क बेन्च रङ्गरोगन कार्य सम्पन्न गरे वापत गहिल कन्स्ट्रक्सन प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | ९६८६५६.९३ |
| ०३/२४/२०८१ | ४५९ | गत वडा स्तरीय वडा ४ मा भोला अन्सारीको घरदेखी थापु मियाँको घरसम्म पिसिसी ढलान तथा विभिन्न खुला नालाहरूमा स्ल्याब निर्माण कार्य सम्पन्न गरे वापत जियांश कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ६५२२५३.५३ |
| ०३/२४/२०८१ | ४७६ | नगर स्तरीय High Mast Tower जडान गरे वापत उर्जा घर प्रा.लि. लाई अन्तिम बिल भुक्तानी। | २५९१७६८.४९ |
| ०३/२४/२०८१ | ४८८ | वडा स्तरीय वडा ८ को मुकेश सिंह को घरदेखि उत्तर सोनाई दासको घरसम्म नाला तथा बाटो ढलान कार्य सम्पन्न गरे वापत विश्व लक्ष्मी कन्स्ट्रक्सनलाई अन्तिम बिल भुक्तानी। | ९२७७१४.८८ |
| | | जम्मा | ७०१३४६०७.८२ |

## बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -४

उपभोक्ता समितिबाट भएका कामको केही योजनाहरुः

| क्र.सं. | मिति | भौचर | विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | ०८/१३/२०८० | १० | नगरसभा निर्णय अनुसार गतको वडा ५ मा दिनेश शर्माको घर देखि उत्तरमनोज गुप्ता घर सम्म ढलान कार्य बापत बजरंगबली उ.स. लाई अन्तिम बिल भुक्तानी । | २१३४११८.७२ |
| २ | ०८/१३/२०८० | १८ | नगरसभा निर्णय अनुसार गतको वडा ५ मा प.बि.मा.बि.बिधयालय प्राङ्गनमाकृषि भवन मर्मत कार्य बापत कृषि भवन उ.स. लाई अन्तिम बिल भुक्तानी । | २३३१३३३ |
| ३ | ०८/१३/२०८० | २० | नगरसभा निर्णय अनुसार गतको वडा १६ मा नरसिंग मन्दिर बिमला देबीकोघर देखि सखडा रोड सम्म माटो ग्राभेल तथा ढलान कार्य बापत जय नरसिंग उ.स. लाईअन्तिम बिल भुक्तानी । | २३९८६५४.८८ |
| ४ | ०८/१३/२०८० | २२ | नगरसभा निर्णय अनुसार गतको वडा २ मा स्वास्थ्य चौकी भवन निर्माणकार्य बापत युबा उ.स. लाई अन्तिम बिलभुक्तानी । | २०९४६०१.८ |
| ५ | ०८/१३/२०८० | २४ | नगरसभा निर्णय अनुसार गतको वडा ५ मा जिल्ला शिक्षा समन्वय कार्यालयको पुर्ब पट्टि को पोखरी घाट निर्माण कार्य बापत छठी मैया उ.स. लाई अन्तिम बिलभुक्तानी । | २४२९११७ |
| ६ | ०८/१४/२०८० | ३६ | नगरसभा निर्णय अनुसार वडा ५ मा सन्तोष सिंह तथा सिताराम मण्डल सम्मसडक निर्माण कार्य गरे बापत बजरंगबली उ.स. लाई भुक्तानी । | १०८९८८२.६१ |
| ७ | ०८/१६/२०८० | ४६ | नगरसभा निर्णय अनुसार वडा २ मा वडा२ कभर्ड हाल वाहिर पट्टि शौचालयतथा ग्राउण्ड स्तरउन्नति कार्य बापत कभर्ड हल उ.स. लाई अन्तिम बिल भुक्तानी । | ९५८२७०.४८ |
| ८ | ०८/१६/२०८० | ४७ | नगरसभा निर्णय अनुसार वडा २ मा हनुमान नगर रोड देखि बरख गण सम्मढलान रोड तथा नाला निर्माण कार्य बापत आर्मी ब्यारेक सडक निर्माण उ.स. लाई प्रथमरनिंग बिल भुक्तानी । | ३०३७६४१.१५ |
| ९ | ०८/१७/२०८० | ५४ | नगरसभा निर्णय अनुसार वडा १५ मा डिप बोरिंग जडान कार्य गरे बापतभगबती कृषि उ.स. लाई अन्तिम बिल भुक्तानी । | ३५७७१०३.४७ |
| १० | ०८/२३/२०८० | ६५ | नगरसभा निर्णय अनुसार गतको योजना वडा १५ मा राजाजी थानको सामुदायिक भवन निर्माण कार्य बापत मा भगवती भवननिर्माण उ.स. लाई अन्तिम बिल भुक्तानी । | २१९४३१४.५३ |
| ११ | ०८/२३/२०८० | ६६ | नगरसभा निर्णय अनुसार गतको योजना वडा ८ मा स्वास्थ्य चौकी भवन निर्माण कार्य बापत स्वास्थ्य चौकी भवननिर्माण उ.स. लाई अन्तिम बिल भुक्तानी । | १६८७५७१.४४ |
| १२ | ०९/०६/२०८० | ८३ | सम्पुरक कोष बाट न.पा.सहभागिता बापत सडक बोर्ड नेपाल आ.ब.२०७८/०७९ को योजना वडा१५ बम भोलि देबी गुनानंद घर सम्म सडक कार्य को लागि मर्मत सम्भार देउरी भरुवारोड उ.स. लाई अन्तिम भुक्तानी साथै यसको सम्पूर्ण कागजातको फाईल सडक बोर्ड कोगो.भौ.न.१६ मा रहेको समेत को | १००३३१६.९८ |
| १३ | ०९/१७/२०८० | ९५ | नगरसभा निर्णय अनुसार गतको योजना वडा ९ मा गढिया डुमार स्कूल देखिपश्चिम मलेठ केन्द्रीय सडक सम्म ढलान कार्य बापत उ.स. लाई अन्तिम बिल भुक्तानी । | १६३१७२२.६३ |
| १४ | ०९/२६/२०८० | १०९ | नगरसभा निर्णय अनुसार गतको योजना वडा १५ मा राम दत्त घर नजिककोथानमा राजाजी मन्दिर निर्माण कार्य बापत श्री बजरंगी बाबा निर्माण उ.स. लाईअन्तिम बिल भुक्तानी । | १०२५०३६.६४ |
| १५ | १२/०१/२०८० | १५६ | गतको योजना वडा ३ मा जिल्ला सहकारी कार्यालय देखि संजय यादबको घरहुँदै भालुवाही नदी सम्म बाटो तथा कल्भर्ट निर्माण कार्य बापत उ.स. लाई अन्तिमबिल भुक्तानी । | १४२४८९४.७ |
| १६ | १२/३०/२०८० | १७१ | नगरस्तरीय योजना वडा ९ मा श्याम यादब को घर देखि गौतम घर हुँदैपम्प नहर जाने बाटो निर्माण कार्य बापत रामजानकी मन्दिर देखि पम्प नहर सडकनिर्माण उ.स. लाई अन्तिम बिल भुक्तानी । | ३८८७९६५.०५ |
| १७ | १२/३०/२०८० | १७२ | नगरस्तरीय योजना वडा ९ मा गढिया दुमार सडक निर्माण कार्य बापत मलेठगढिया स्कूलबाट सडक निर्माण कार्यको उ.स. लाई प्रथम रनिंग बिल भुक्तानी । | २४३३१५३.४७ |
| १८ | ०१/०४/२०८१ | १७६ | नगरस्तरीय वडा ९ मा सन्तोष घरदेखि पम्प नहर सम्म नाला निर्माणकार्य बापत वडा न.९ मा सन्तोष यादबको घरदेखि राधेश्यामको घर हुँदै वली यादबकोघरसम्म नाला निर्माण तथा पुरानो नालाबाट पम्प नहर सम्म नाला नि.उ.स. लाई अन्तिमबिल भुक्तानी । | १२६०३९६.७४ |
| १९ | ०२/१४/२०८१ | २२४ | नगर स्तरीय वडा ८ मा रुपनी रोड देखि पुर्ब उत्तर डीहिवार थान जानेबाटोमा शत्रुहन शर्मा घर हुँदै योगेन्द्र शर्मा घर सम्म रोड निर्माण कार्य बापतडीहिवार रोड निर्माण उ.स.रा.बि. ८ लाई अन्तिम बिल भुक्तानी । | १२५६८०७.८ |
| २० | ०२/२८/२०८१ | २६१ | नगरस्तरीय वडा ३ मा वडा कार्यालय भवन निर्माण कार्य बापत ३ न.वडाकार्यालय निर्माण उ.स.,वडा ३ लाई प्रथम रनिंग बिल भुक्तानी । | १६५८२३१.३५ |
| २१ | २०८१/०२/३१ | २७० | नगरस्तरीय वडा ६ मा सुरेन्द्र सिंह को घर देखि सुधिर चौधरी को घरसम्म सडक तथा नाला निर्माण कार्य बापत लिलजा टोल सडक निर्माण उ.स. लाई प्रथमरनिंग बिल भुक्तानी । | १०४७९३६.८७ |
| २२ | ०३/११/२०८१ | ३१२ | नगरस्तरीय वडा ८ मा सुनिल साहको घरदेखि अमित सिंह को घर सम्म सडकतथा नाला निर्माण कार्य बापत खजुर गाछी उ.स.,रा.बि.८ लाई अन्तिम बिल भुक्तानी । | ९१९१५२.७९ |
| २३ | ०३/१५/२०८१ | ३४८ | गतको नगर स्तरीय वडा २ को हनुमाननगर रोडदेखि बरख गणसम्म ढलान कार्यसम्पन्न गरे वापत आर्मी ब्यारेक सडक निर्माण उ.स. रावि २ लाई अन्तिम बिलभुक्तानी । | १८२३५५२ |

| | | | | |
|---|---|---|---|---|
| २४ | ०३/१६/२०८१ | ३६० | नगर स्तरीय वडा ८ मा सुनिल साहको घरदेखि अमित सिंहको घरसम्म सडकतथा नाला निर्माण कार्य गरे वापत खजुर गाछी उ.स. लाई अन्तिम बिल भुक्तानी। | १३५९७७४.२८ |
| २५ | ०३/१८/२०८१ | ३८० | नगर स्तरीय वडा ६ मा सुरेन्द्र सिंह घर देखि सुधिर चौधरीको घरसम्मसडक निर्माण कार्य बापत लिलजा टोल सडक निर्माण उ.स.,रा.बि.६ लाई अन्तिम बिलभुक्तानी। | २३५२००९.९५ |
| २६ | ०३/२०/२०८१ | ४११ | वडा स्तरीय वडा २ मा मुन्नाको टोल बिभिन्न रोड(इदरिसको घर देखिसलिमको घर सम्म,जल्लौदीन घर देखि इसराफिल घर सम्म,मदरसा को लागि टवाइलेट बाथरुमकार्य बापत रोड तथा नाला निर्माण उ.स. ,रा.बि. २ लाई अन्तिम बिल भुक्तानी। | ९७४५९७.११ |
| २७ | ०३/२२/२०८१ | ४३४ | नगर स्तरीय वडा ७ मा राजविराज उच्च अदालत बार पहिलो तल्ला भवननिर्माण कार्य बापत राजविराज उच्च अदालत बार एशोशिएसन को पहिलो तल्ल निर्माणउ.स. लाई पहिलो रनिंग बिल भुक्तानी। | २००५३७४ |
| २८ | ०३/२२/२०८१ | ४३६ | नगर स्तरीय वडा १ मा स्वास्थ्य चौकी भवन निर्माण कार्य बापत दुमरीहेल्थ पोष्ट उ.स.,रा.बि.१ लाई प्रथम रनिंग बिल भुक्तानी। | ३१४५९१५.१२ |
| २९ | ०३/२४/२०८१ | ४९५ | नगर स्तरीय वडा ३ को वडा भवन निर्माण कार्य सम्पन्न गरे वापत ३ नंवडा कार्यालय निर्माण उ.स. लाई अन्तिम बिल भुक्तानी। | १२७६७९५.०७ |
| | | | जम्मा | ५४४१९२४१.६३ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।